# महालेखापरीक्षकको वार्षिक प्रतिवेदन
# २०७७

## आलिताल गाउँपालिका
## डडेलधुरा




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण महानिर्देशनालय**

महालेखा परीक्षकको कार्यालय नेपाल २०१६

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्याः२०७६/७७
च.नं. ५०३

मितिः २०७७/३/३०

श्री अध्यक्षज्यू,

आलिताल गाउँपालिका, डडेलधुरा ।


**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन,२०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

..........
(चन्द्रकान्त भण्डारी)
नायव महालेखापरीक्षक

# महालेखापरीक्षकको भनाई

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।



**(टंकमणि शर्मा, दंगाल)**
**महालेखापरीक्षक**

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन । त्यसैगरी विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक सीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गतविगतमा लेखापरीक्षणबाट औल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भव स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २४ गते ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्या:२०७६/७७ मिति: २०७७/३/३०

च.नं. **५०४**

श्री अध्यक्षज्यू,
आलिताल गाउँ कार्यपालिकाको
कार्यालय, डडेलधुरा ।

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

**कैफियत सहितको राय**

हामीले आलिताल गाउँपालिकाको आर्थिक वर्ष २०७५।७६ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियतसहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य बिवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानूनबमोजिम सारभूत रुपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियतसहितको राय व्यक्त गर्ने आधार**

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रु.४ करोड ३४ लाख ७९ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.७८ लाख ६३ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.७६ लाख १७ हजार नियमित गर्नुपर्ने रु.१करोड ८३ लाख ७२ हजार र पेश्की बाँकी रु.९६ लाख २७ हजार रहेको छ ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६/०८/३० मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिक्रिया पेस हुन नआएकोले प्रारम्भिक प्रतिवेदनमा उल्लेखित बेरुजुका व्यहोराको अन्तिम प्रतिवेदन पाना २७ (सत्ताइस) यसैसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्कीबाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानूनबमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडारहीत स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी गाउँपालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमूख प्रशासकिय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्तीसमेतका कारण सारभूत रुपमा गलत आँकडारहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(चन्द्रकान्त भण्डारी)
नायव महालेखापरीक्षक

# आलिताल गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

## २०७५/७६

**परिचयः** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको सञ्चालन गर्न आलीताल गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने हरेक कार्यमा सहकारीता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरीय सेवा प्रदान गर्नु हो । आलिताल गाउँपालिका अन्तर्गत ८ वडा रहेको ४३ सभा सदस्य २९२.८७ व.कि.मी. क्षेत्रफल, १८५३१ जनसंख्या रहेको छ। यो गाउँपालिका सुदुरपश्चिम प्रदेशमा अवस्थित छ।

**स्थानीय संचित कोष–** आर्थिक वर्ष २०७५।७६ को समग्र संचित कोष आयव्यय हिसावको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ :

| सि. नं. | आयतर्फ | | | सि. नं | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | १३५५३४९३.२३ | १ | **चालु खर्च** | | १९०५६९८७० |
| | क) नगद | ० | ० | २ | **पूँजीगत खर्च** | | १५८१२५१६० |
| | ख) बैंक | १३५५३४४९३.२३ | ० | ३ | **विषयगत निकायबाट प्राप्त रकम खर्च** | ० | ० |
| २ | **राजस्व (आन्तरिक आय)** | | ५७८७५१८३.३६ | | **प्रदेश सरकारबाट प्राप्त अनुदान खर्च** | ० | ० |
| | क) आन्तरिक राजस्व | ३९३१००८.४० | ० | ४ | **वित्तीय व्यवस्था भुक्तानी** | | ० |
| | ख) राजश्व बाँडफाँड | ५२८३३९७३.८९ | ० | | क) ऋण भुक्तानी | | ० |
| | ग) प्रदेश राजस्व बाँडफाँड | १११०२०१.०९ | ० | | ख) ब्याज भुक्तानी | | ० |
| | घ) अन्य आय | ० | ० | | ग) अन्य भुक्तानी | | ० |
| ३ | **वित्तीय हस्तान्तरण** | | २०१२३४००० | | | | ० |
| | क)वित्तीय समानीकरण अनुदान | ७२७००००० | ० | ५ | **लगानी** | | ० |
| | ख) सशर्त अनुदान | १२८५३४००० | ० | | ऋण लगानी | | ० |
| | ग) समपूरक अनुदान | ० | ० | | शेयर लगानी | | ० |
| | घ) विशेष अनुदान | ० | ० | | अन्य लगानी | | ० |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | १०८३६००० | ६ | **धरौटी फिर्ता** | | १११५६४४ |
| | क)वित्तीय समानीकरण अनुदान | ६६३६००० | ० | ७ | **को.ले.नि.का फिर्ता** | | ५४७८८७० |
| | ख) सशर्त अनुदान | ० | ० | ८ | **कोष खर्च** | | ० |
| | ग) समपूरक अनुदान | ० | ० | ९ | **मौज्दात** | | ९०६७२४१.५९ |
| | घ) विशेष अनुदान | ४२००००० | ० | | क) नगद मौज्दात | | ० |
| ५ | **अन्तर स्थानीय तहबाट प्राप्त** | ० | ० | | ख) बैंक मौज्दात | | ० |
| ६ | **अन्तर सरकारी तहबाट प्राप्त** | ० | ० | | मूल सञ्चित कोष | ७६३७४०६.५९ | ० |
| ७ | **वित्तीय व्यवस्था प्राप्ति** | | ० | | धरौटी खाता | १४२९८३५ | ० |
| | क) ऋण प्राप्ति | | ० | | मर्मत सम्भार कोष | | ० |
| | ख) साँवा प्राप्ति | | ० | १० | विविध खर्च | | ० |
| | ग) ब्याज प्राप्ति | | ० | | | | ० |
| | घ) अन्य प्राप्ति | | ० | | | | ० |
| ८ | **विभिन्न कोषतर्फको आय** | | ० | | | | ० |
| ९ | **जनसहभागिता (नगद)** | | ० | | | | ० |
| १० | **विषयगत निकायबाट प्राप्त रकम** | | ७८३१२६३० | | | | ० |
| ११ | **धरौंटी आय** | | २५४५४७९ | | | | ० |
| १२ | **लगानीको साँवा फिर्ता** | | ० | | | | ० |
| १३ | **अन्य विविध आय** | | ० | | | | ० |
| | **जम्मा** | | **३६४३५६७८५.५९** | | **जम्मा** | | **३६४३५६७८५.५९** |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | उपरोक्त आर्थिक कारोवारहरुको पेश भएसम्मको स्रेस्ता र प्राप्त आन्तरिक लेखापरीक्षण प्रतिवेदनको मूल्याङ्कन तथा स्वीकृत लेखापरीक्षण योजनाबमोजिम लेखापरीक्षणको उद्देश्य प्राप्तिका लागि जोखिम विश्लेषण, नमूना छनौट र लिखित प्रतिनिधित्वपत्रको आधारमा लेखापरीक्षण नीति, मानदण्ड, मार्गदर्शन, निर्देशन, एवं व्यवसायिक लेखापरीक्षणका असल अभ्यासका आधारमा लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षण निष्कर्षसहितको प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोवार र वित्तीय विवरणको सम्पूर्ण जिम्मेवारी व्यवस्थापन पक्षमा रहेको छ । रु.५ लाखभन्दा बढी खर्च भएका योजनाहरुको स्रेस्ता नमूना छनौटको माध्यमबाट लेखापरीक्षण गर्दा देखिएका व्यहोराका सम्बन्धमा कार्यालयका सम्बन्धित पदाधिकारीहरुसँग मस्यौदा प्रतिवेदनउपर मिति २०७६।८।२८ मा छलफल गरी कायम हुन आएका व्यहोराहरु निम्नानुसार छन्: | |
| | **लेखापरीक्षणको क्रममा रु.१३७८०।- असुल गरी दाखिला भएको छ ।** | |
| | स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७१ अनुसार स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई आषाढ १० गतेभित्र सभामा पेश गर्नुपर्ने र १५ दिनभित्र छलफल सम्पन्न गरी आषाढ मसान्तभित्र नै पारित गर्नुपर्ने व्यवस्था अनुसार गाउँ सभाबाट मिति २०७५।३।२२ गते नीति तथा कार्यक्रम स्वीकृत भए अनुसार रु.२९ करोड २ लाख १७ हजारको आयव्ययको अनुमान स्वीकृत भएको छ । जसअनुसार गाउँपालिका स्तरिय कार्यक्रममा बाँडफाँड गरेको देखिन्छ । | |

| सि.नं. | क्षेत्रगत कार्यक्रम | कार्यक्रम संख्या | विनियोजित बजेट (रु. हजारमा) |
|---|---|---|---|
| १ | सडक पूर्वाधार | ७ | ९५०० |
| २ | खानेपानी | १ | १००० |
| ३ | सिंचाई संरचना निर्माण | १ | ५०० |
| ४ | भवन निर्माण | ६ | ४५०० |
| ५ | उद्योग अनुदान | ५ | ५२०० |
| ६ | कृषि, पशुपालन | ७ | ५५०० |
| ७ | शिक्षा, विद्यालय भवन | ७ | १०८७५ |
| ८ | स्वास्थ्य | ८ | ४२१० |
| ९ | भाषा संस्कृति सम्वर्द्धन | ३ | ६०० |
| १० | लक्षित वर्गको क्षमता विकास | ४ | ११०० |
| ११ | युवा खेलकुद | ३ | १००० |
| १२ | श्रम रोजगार | १ | ५०० |
| १३ | उर्जा | १ | १५०० |
| १४ | अन्य क्षेत्रगत कार्यक्रम | ११ | १८६०० |
| १५ | वडास्तरीय कार्यक्रम | २१७ | ४८००० |

गाउँपालिकाले उपरोक्त १५ वटा क्षेत्रगत कार्यक्रम अन्तर्गत २५५ वटा योजनाहरु सञ्चालनमा ल्याउने गरी बजेट तथा कार्यक्रम स्वीकृत भएकोमा उपरोक्त कार्यक्रम कार्यान्वयन गरी सो को भौतिक तथा वित्तीय प्रगति समेतको आर्थिक प्रतिवेदन तयार गरेको देखिएन । गाउँपालिकाले कार्यन्वयनमा ल्याएका योजना तथा कार्यक्रमको वार्षिक प्रगति तयार गरी समिक्षा गनुपर्दछ ।

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | **वित्तीय लेखापरीक्षणबाट देखिएका व्यहोरा देहायबमोजिम छन्:** | |
| १. | **आयको अनुमानः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले गाउँपालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । गाउँपालिकाले गाउँसभामा पेश गरेको आय-व्ययको अनुमानमा मालपोत, सेवा शुल्क, दस्तुर लगायतका २३ वटा राजश्वका शिर्षकबाट रु.३६ लाख आय प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७५।७६ मा रु.३९३१००८। अर्थात अनुमान भन्दा ९.१९ प्रतिशत बढी आय प्राप्त गरेको छ । कार्यलयले थप आम्दानीका अन्य स्रोतको पहिचान गरी आय आर्जन बृद्धि गर्नेतर्फ पहल हुनुपर्दछ । | |
| २. | **खर्च गर्ने अख्तियारीः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ बमोजिम सभाबाट बजेट स्वीकृत भएको सात दिनभित्र प्रमुख वा अध्यक्षले प्रमूख प्रशासकिय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । यो वर्ष गाउँपालिकाको तेस्रो सभाले २०७५।३।२३ मा आयतर्फ २९ करोड २ लाख १७ हजार तथा व्ययतर्फ प्रशासनिक खर्च रु.४ करोड ८० लाख, गाउँपालिकास्तरिय पूँजीगत खर्च रु.६ करोड ४५ लाख ८५ हजार तथा वडास्तरिय पूँजीगत खर्च रु.४ करोड ८० लाख, सशर्त अनुदान रु.१३ करोड २६ लाख बजेट स्वीकृत गरेको छ । गाउँपालिका प्रमूखले प्रमूख प्रशासकिय अधिकृतलाई २०७५ भाद्र १५ गतेमात्र खर्च गर्ने अख्तियारी दिएको देखियो । ऐनमा व्यवस्था भए अनुसार समयावधिभित्रै खर्च गर्ने अख्तियारी दिनुपर्दछ । | |
| ३. | **आन्तरिक आयः**<br>कार्यालयले यो वर्ष रु.३९३१००८।- आन्तरिक आय प्राप्त गरेकोमा गाउँपालिका अन्तर्गतका ८ वटा वडाको आम्दानीसमेत एकमुष्ट केन्द्रले दाखिला गर्ने गरेको देखियो । वडा कार्यालयहरुमा आयको दैनिक प्राप्ति खाता, आयको मासिक विवरणसमेत बनाउने गरेको देखिएन । गाउँपालिकाको आयमा वडागत योगदान यकिन हुन सकेन । अतः आगामी दिनमा प्रत्येक वडाले मासिक आय विवरण तयार गरी गाउँपालिकामा पठाउने र गाउँपालिकाले वडागत विवरणसमेत देखिने गरी मासिक र वार्षिक आय विवरण तयार गर्नुपर्ने देखिन्छ । | |
| ४. | **आयव्ययको लेखा :**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२(२) मा गाउँपालिकाले नेपाल सरकारले निर्धारण गरेबमोजिमको आय र व्ययको वर्गिकरण तथा खर्च शीर्षकसम्बन्धी ब्यवस्था अवलम्बन गर्नुपर्ने उल्लेख छ । कार्यालयले यो वर्ष एकल खाता कोष प्रणालीबाट सञ्चालन गरी भुक्तानी गर्नुपर्ने सामाजिक सुरक्षा भत्ता, बहुक्षेत्रीय पोषण, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमको बजेट स्थानीय तहको सञ्चित कोषमा जम्मा गरेर खर्च गरेको, चालु र पूँजीगत खर्च शीर्षकको विनियोजन तथा नेपाल सरकारको आय तथा व्यय शीर्षकको शीर्षकगत लेखाङ्कन पालना स्थिति कमजोर रहेको, योजनागत खाता अद्यावधिक हुन नसकेको देखिन्छ । कार्यालयले तोकिएको विनियोजन तथा खर्च प्रणाली अवलम्बन गर्दै आय तथा व्ययको शीर्षकगत खर्च अभिलेख राख्नुपर्ने नियमको परिपालनामा विशेष ध्यान दिनुपर्दछ । | |
| ५. | **मध्यकालिन खर्च संरचना :**<br>अन्तर–सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा स्थानीय तहले प्रत्येक आर्थिक वर्षमा आ–आफ्नो कार्यक्षेत्र भित्रका विषयहरुमा हुने सार्वजनिक खर्चको अनुमानित विवरण तयार गर्दा आगामी तीन वर्षमा हुने खर्चको प्रक्षेपणसहीत मध्यकालिन खर्चको संरचना तयार गर्नुपर्ने उल्लेख छ । गाउँपालिकाले सार्वजनिक खर्च व्यवस्थापनलाई प्रभावकारी बनाउने मध्यमकालिन खर्च संरचना कार्यान्वयनमा ल्याएको देखिएन । स्रोतको बितरणमुखी प्रवृत्तिलाई नियन्त्रण गर्न, स्रोतसाधनलाई प्राथमिकताप्राप्त क्षेत्रमा प्रवाह गर्न तथा योजनाहरुलाई लागतलाभ विश्लेषण गरी लागतप्रभावी बनाउन मध्यकालिन खर्च संरचनालाई कार्यान्वयन गर्न कार्यालयले ध्यान दिनुपर्दछ । | |

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td>६.</td><td>बजेट सीमा निर्धारण समिति :<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम गाउँपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा आगामी आर्थिक वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमूख प्रशासकीय अधिकृतले चैत्र १५ गतेभित्र गाउँपालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानूनी व्यवस्था रहेकोमा गाउँपालिकाले समितिको गठन गरेको देखिएन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायतका क्षेत्रगत बिषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधिको तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।</td><td></td></tr>
<tr><td>७.</td><td>नीति तथा कार्यक्रमको कार्यान्वयन स्थिति :<br>गाउँपालिकाले आ.व. २०७५/७६ को नीति तथा कार्यक्रम प्रस्ताव गरी गाउँसभाबाट देहायका नीतिहरु पारित गरेको देखियो ।
<table>
<tr><th>नीति</th><th>समेटिएका विषयहरु</th></tr>
<tr><td>शिक्षा</td><td>१०</td></tr>
<tr><td>स्वास्थ्य, पोषण तथा सुरक्षित मातृत्व</td><td>१०</td></tr>
<tr><td>लगानी व्यवस्थापन</td><td>४</td></tr>
<tr><td>खानेपानी तथा सरसफाई</td><td>८</td></tr>
<tr><td>बजार नियमन, उपभोक्ता हित संरक्षण</td><td>३</td></tr>
<tr><td>बस्ती विकास एवं बजारीकरण</td><td>३</td></tr>
<tr><td>युवा खेलकुद</td><td>२</td></tr>
<tr><td>स्थानीय कर तथा स्रोत अभिवृद्धी</td><td>३</td></tr>
<tr><td>रोजगारी तथा सशक्तिकरण</td><td>५</td></tr>
<tr><td>सामाजिक सुरक्षा एवं लक्षित वर्ग उत्थान</td><td>४</td></tr>
<tr><td>दीर्घकालिन योजना एवं कार्यक्रम</td><td>२</td></tr>
</table>
गाउँपालिकाबाट पारित उपरोक्त नीति तथा कार्यक्रममा उल्लेख भएका तपसिलका व्यवस्थाहरु कार्यान्वयना आएको देखिएन :<br>
• योजनाको प्राथमिकीकरण हुन नसकेको<br>
• योजनाको क्रमागत निरन्तरता दिन नसकेको<br>
• द्वन्द्वपिडितलाई यथोचित न्याय दिन नसकिएको<br>
• रोजगारी सृजनाका अवसरहरुको खोजीमा पहल हुन नसकेको<br>
• औद्योगिकरणका कार्यक्रम सञ्चालन गर्न नसकिएको<br>
• व्यवस्थित बस्ती विकासका कार्यक्रम नसमेटीएको<br>
• शुद्ध खानेपानी र पूर्ण सरसफाईका कार्यक्रम लागु गर्न नसकिएको<br>
• गाउँपालिका क्षेत्रभित्रका प्राकृतिक स्रोतको उपयोग गर्न नसकिएको<br>
अतः विभिन्न ५४ नीतिमध्ये ९० प्रतिशतभन्दा बढी नीति तथा कार्यक्रम कार्यान्वयनमा आउन</td><td></td></tr>
</table>

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | *नसकेको स्थितिमा सुधार हुनुपर्दछ ।* | |
| ८. | **बजेट तथा कार्यक्रम तर्जुमा :**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ । | |
| ९. | **बजेट अबण्डा** :<br>स्थानीय तहले बार्षिक कार्यक्रम स्वीकृत गरी कार्यक्रमगत बजेट व्यवस्था गर्नुपर्नेमा गाउँपालिकाले कार्यालय समपूरक कोषमा रु.३० लाख, न्यायिक समिति रु.१५ लाख, भैपरी आउने पूँजीगत रु.४० लाखसमेत गरी रु.८५ लाख बराबरको कार्यक्रम बजेट अबण्डा राखेको देखियो । योजना स्वीकृत नगरी बजेट ब्यवस्था गर्न नमिल्ने, त्यसको लागी अबण्डामा बजेट राख्नु उपयुक्त देखिएन । यसले गर्दा कार्यक्रमको कार्यान्वयन सुनिश्चितता नहुने, रकमान्तर गरी अन्यत्र बजेट सार्ने अवस्था सृजना हुने देखिएकोले यस्तो कार्य नियन्त्रण हुनुपर्दछ । | |
| १०. | **बैंक हिसाब :**<br>गाउँपालिकाको खाता हिसाब र बैंक हिसाब एक आपसमा भिडान हुनुपर्दछ । गाउँपालिकाको आयव्यय विवरण अनुसार (स्रेस्ताअनुसार) आषाढ मसान्तको मौज्दात रु. ९०६७२४१.५९  देखिएको छ, तर मिति २०७६।३।३१ को बैंक स्टेटमेन्ट अनुसार देहायका बैंक खातामा जम्मा रु.१५०९६२४०.५९ मौज्दात देखियो । गाउँपालिकाको स्रेस्तामा र बैंक हिसाबमा रु.६०२८९९९/-फरक परेको देखिएकोले सो फरक हिसाब सम्बन्धमा बैंक हिसाब मिलान विवरण तयार गरी पेश गर्नुपर्ने रु.<br><br>खाता — २०७५।३।३१ को मौज्दात बैंक स्टेटमेन्ट अनुसार<br>स्थानीय तह सञ्चित खाता — ९९०९२७४.५९<br>पूँजीगत खर्च खाता — १९१४६३३<br>चालू खर्च खाता — १०७४४७७<br>अन्य खाता — २१९७८५६<br>जम्मा — १५०९६२४०.५९ | ६०२८९९९/-<br>- |
| ११. | **चौमासिक खर्च:**<br>गाउँपालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु.१५८१२५१६०।- पूँजीगततर्फ निकासा भएकोमा प्रथम चौमासिकमा रु.११५५०५००।- अर्थात ७.३० प्रतिशत, दोश्रो चौमासिकमा रु.५७९९४११०।-, अर्थात ३६.६८ प्रतिशत र तेश्रो चौमासिकमा रु. ८८५८०५५०।-, अर्थात ५६.०२ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी तेस्रो चौमासमा खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । | |
| १२. | **सशर्त अनुदान-**<br>संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं.०७४।७५ च.नं.१०६४ मिति २०७५।३।३ को सशर्त अनुदान रकम फिर्ता सम्बन्धी विषयको पत्रअनुसार विभिन्न तीन किस्तामा स्थानीय तहमा हस्तान्तरण भएको र सशर्त अनुदानमा मुख्यतया शिक्षा, स्वास्थ्य र कृषि पशु लगायतबाट प्राप्त भएको रकम आषाढ मसान्तसम्म खर्च हुन नसकेको रकम संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था भएकोमा गाउँपालिकामा अनुदानको रकम खर्च भई बाँकी रहेको रु.५२०२३८५।- संघीय संचित कोषमा दाखिला भएको छ ।<br>**मुक्त हलिया पुनर्स्थापना कार्यक्रम** अन्तर्गत प्राप्त रु.६२ लाख २९ हजार सशर्त अनुदान प्राप्त | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | भएकोमा रु.२ लाख मात्र निर्धारित कार्यक्रममा खर्च गरी बाँकी रु.६० लाख २९ हजार मूल कोषमा सारेर खर्च देखाएको देखियो । उक्त बाँकी लाख रकम संघीय सञ्चित कोषमा दाखिला हुनुपर्दछ | ६०२९०००/- |
| १३. | **राजश्व अभिलेख :**<br>लेखापरीक्षणको क्रममा गाउँपालिकाले राजस्व आम्दानीको निर्णय, असुली तथा दाखिलासम्मका अभिलेख व्यवस्थित गरी श्रेस्ता राखेको देखिएन । आय असुलीको रसिद नियन्त्रण खाता राखी मासिक असुलीको विवरणसँग बैंक दाखिला विवरण तयार नगरेकाले गाउँपालिकाको वास्तविक राजस्व असुली र दाखिला यकिन हुन सकेन । गाउँपालिकाले यसमा बिशेष ध्यान दिई आन्तरिक आयको उचित अभिलेखाङ्कन तथा परिचालन गर्नुपर्दछ । | |
| १४. | **व्यवसाय कर :**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा गाउँपालिकाले आफ्नो कार्यक्षेत्रभित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट ब्यवसाय कर उठाउन सक्ने ब्यवस्था रहेको छ । गाउँपालिकाको आर्थिक ऐन, २०७५ ले अनुसूची ४ अनुसार ब्यवसाय कर लगाई असुल गर्ने उल्लेख छ । यस गाउँपालिकाको कार्यालयले व्यवसायीहरुको लगत राखी राजस्व असुल गर्नुपर्नेमा व्यवसायीहरुको लगत राखी उक्त लगत अद्यावधिक गरी लगतमा भएका सम्पूर्ण व्यवसायीहरुबाट कर रकम संकलन गरेको पाइएन । गाउँपालिका क्षेत्रभित्रका व्यवसायलाई व्यवसायीको अभिलेख राखी करको दायराभित्र ल्याउनुपर्दछ । | |
| | **नियमितताको लेखापरीक्षणबाट देखिएका व्यहोरा देहायबमोजिम छनः** | |
| १५. | **तलबी प्रतिबेदन :**<br>स्थानिय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहअन्तर्गतका कर्मचारीहरुको बार्षिक तलबी प्रतिबेदन आन्तरीक लेखापरीक्षकबाट पारित गराई तलब खर्च लेख्नुपर्नेमा कार्यालयले कर्मचारीको तलबी प्रतिवेदन पारित नगरी रु.७५५१८७५।- तलब खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन । तलवी प्रतिबेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ । | |
| १६. | **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन** :<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानीलगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको गाउँपालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन वा गाउँ प्रोफाइल तयार गरेको छ । सो अनुसार स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कबेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ गाउँपालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ । | |
| १७. | **कर्मचारी ब्यवस्था :**<br>निजामती सेवा ऐन, २०४९ बमोजिम कर्मचारी पदपूर्ति ब्यवस्थापन गर्नुपर्ने ब्यवस्था छ । गाउँपालिकामा रहने कर्मचारी दरवन्दी ३५ रहेता पनि पदपूर्ति ८ रहेको देखियो । रिक्त रहेका २७ पदमध्ये ६ जना करारमा राखी कार्यसञ्चालन गरिएको छ । जनशक्तिको अभावमा गाउँपालिकाको कार्यसम्पादन र सेवाप्रबाहमा समेत असर परेकाले दरबन्दी अनुसार पदपूर्ति गरिनुपर्दछ । | |
| १८. | **आन्तरिक नियन्त्रण प्रणाली** :<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा गरेको छैन । यस सम्बन्धी अन्य व्यहोराहरु तपसिल अनुसार रहेका छन् ।<br>● सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तर्जुमा गर्नुपर्ने र सार्वजनिक सुनुवाई गर्नुपर्नेमा गरेको छैन ।<br>● जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएअनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नुपर्नेमा गरेको छैन ।<br>● मूल्य खुल्न नसकेका सामानहरुको मुल्य खुलाई राख्नुपर्नेमा केहि सामानहरुको मूल्य खुलाएको छैन ।<br>● मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिएको<br>● स्वीकृत कार्यक्रम अनुसार चौमासिक खर्च गर्नुपर्नेमा कुल खर्चमध्ये अधिकांश रकम तेश्रो चौमासिकमा खर्च गरेको,<br>● कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको,<br>● वार्षिक  कार्यक्रम अनुसार सुझावसहितको अनुगमन मूल्याङ्कन प्रतिवेदन दिने नगरेको,<br>● स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ बमोजिम गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामग्री, ज्याला, भाडा तथा महसुलको स्थानिय न्यूनतम दररेट आर्थिक वर्ष शुरु हुनु भन्दा पन्ध्र दिन अगावै तोकी सक्नु पर्नेमा दररेट तोकेको छैन ।<br>● कुनै रकमको भुक्तानी दिँदा रित पुगे नपुगेको जाँच गरी रसिद, बिल, भरपाईहरुमा सिलसिलेवार नम्बर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले "भुक्तानी भएको" जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नु पर्नेमा सो अनुसार गरेको छैन ।<br>● कार्यलयले सार्वजनिक खरिद ऐन २०६३ को दफा ६ (क) बमोजिम वस्तु तथा सेवा आपुर्तिको लागि मौजुदा सूची तयार गरिएको पाइएन । खरिद कार्य टुक्रा टुक्रा गरी खरिद गरेको अवस्था छ।<br>● यस गाउँपालिकाले ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का खाता र कन्टिजेन्सि खाता राखेको छैन ।<br>● स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४ (२) अनुसार सार्वजनिक खरिद नियमावली बनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा बनाएको छैन ।<br>● *विभिन्न आयोजनाहरुको लागि निर्माण सामाग्री ढुवानी गर्दा ढुवानीको कर बिजक जारी गर्नु पर्ने अनुदान रकम वितरण गर्दा खरिद गरेको बिल नलिई भर्पाइ मात्र संलग्न गरेको पाइयो ।*<br>● *सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ अनुसार रु.१० लाख भन्दा बढिको निर्माण कार्य गराउँदा  विमा गराउनु पर्नेमा कुनै पनि ठेक्कामा बीमा गराएको छैन ।*<br>● *सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको छैन ।*<br>● *सार्वजनिक निर्माण कार्यहरुको लागत अनुमान स्वीकृति, कार्यसम्पन्न प्रतिवेदन आदिमा मिति उल्लेख गरेको छैन ।*<br>● वार्षिक कार्यक्रम तर्जुमा गर्दा कार्यक्रमका प्रत्येक कियाकलापहरुमा अनुगमन तथा मुल्याङकनको लागि एकमुस्ट बजेट राखी भ्रमण खर्च नियमावली अनुसार खर्च गर्नु पर्नेमा नगरेको<br>● खर्च संकेत वर्गिकरण र व्याख्या अनुसार वार्षिक कार्यक्रम तयार गरेर लेखांकन गर्नुपर्नेमा उक्त | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|

कार्य नगरेको,

- कन्टिन्जेन्सी खर्चको पूँजीगत र चालु प्रकृतिका खर्च छुट्टिने गरी अभिलेख रजिष्टर नराखेको,
- निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण बनाई लागु नगरेको,
- कार्यक्रमगत खाता नराखेको कारण कार्यक्रमगत प्रगति यकिन गर्न नसकिएको
- वातावरण संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार नगरेको,

१९. **रसिद नियन्त्रण प्रणाली :**
कार्यालयले रसिद हानी नोक्सानी एवं दुरुपयोग नहोस भन्नका लागि रसिद नियन्त्रण खाता राख्नुपर्नेमा सो खाता राखेको देखिएन । जसले गर्दा गतवर्षको रसिद मौज्दात, यस वर्ष छपाई गरेको रसिद संख्या, यस वर्षको रसिद प्रयोग स्थिति तथा रसिदको बाँकी रहेको मौज्दातसमेत यकिन हुन सकेन । कार्यालयले रसिद नियन्त्रण खाता राखी सो खातामा आम्दानी र खर्च विवरण व्यवस्थित रुपमा राख्नुपर्ने देखिन्छ । कतिपय वडाले आफैंले छापेरसमेत आय रसिदको प्रयोग गरेको पाइयो । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण र  व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुऱ्याउनुपर्ने देखिन्छ ।

२०. **बार्षिक खरिद योजना/ गुरुयोजना -**
सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस गाउँपालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१९०५६९०७०।-पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर गाउँपालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः गाउँपालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

२१. ***घर नक्शापास र निर्माण कार्य सम्पन्नः***
*गाउँपालिकामा यस वर्ष १० वटा घरको नक्शापास निवेदन परेकोमा गत विगत वर्ष अनुमति लिएकामध्ये ५ वटा तथा यस वर्ष अनुमति लिएकामध्ये ५ वटा गरी १० वटा घरका कार्यसम्पन्न भएको देखियो । गाउँपालिकाले घर नक्सापास लगायतका पूर्वाधार विकासमा योजनाबद्ध कार्यक्रम कार्यान्वियन गरी व्यवस्थित गर्दै लैजानु पर्ने देखिन्छ ।*

| क्र. सं | घर नक्शा पासको निवेदन संख्या | अस्थायी अनुमति | कार्यसम्पन्न संख्या | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | गत विगत वर्ष अनुमति लिएका मध्ये | यो वर्ष अनुमति लिएका मध्ये | जम्मा | |
| १ | १० | ५ | ५ | ५ | १० | |

२२. ***सवारी साधन खरिदको विवरण*** *: गाउँपालिकामा भएका सवारी साधन सम्बन्धी विवरण देहायबमोजिम छः*

| क्र. सं | सवारी साधन | खरिद संख्या | मूल्य | प्रयोग गर्ने पदाधिकारी संस्था | कैफियत |
|---|---|---|---|---|---|
| १ | जीप | १ | ३८००००० | गा.पा. अध्यक्ष | |
| २ | जे.सि.बि | १ | ३४००००० | | |
| ३ | एम्बुलेन्स | २ | २०००००० | | ०७५।७६ मा खरिद |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | | | | | | बेरुजू रकम |
|---|---|---|---|---|---|---|---|
| | ४ | स्कुटर | १ | २५०३५० | गा.पा. उपाध्यक्ष | ०७५।७६ मा खरिद | |
| | ५ | मोटरसाइकल | १ | २८८३९९ | प्र.प्र. अधिकृत | ०७५।७६ मा खरिद | |
| | ६ | मोटरसाइकल | ४ | - | कर्मचारीहरु | ०७५।७६ मा खरिद | |

**२३.** ***सेवाप्रवाहको स्थिति :***

*गाँउपालिकाले नियमानुसार जनतालाई सेवा सुविधा दिनुपर्दछ । यस वर्ष गाउँपालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ :*

| ***सि.नं.*** | ***विवरण*** | ***जम्मा*** |
|---|---|---|
| १ | स्वीकृत घर नक्सादर्ता पास (पुरानो … तथा नयाँ …) | पेश नभएको |
| २ | अस्थायी इजाजत प्रदान ियधभच त्भ द्यष िभखभा | |
| ३ | स्थायी इजाजत प्रदान मएक्ष् िभखभा द्दण्ठद्धरठछ | |
| ४ | निर्माण सम्पन्न सिफारिस (पुरानो तथा नयाँ) | |
| ५ | निर्माण सम्पन्न हुन बाँकी | |
| ६ | नक्सा पास नभएका पुराना घरहरुको अभिलेखीकरण | |
| | ***पञ्जिकरण तर्फ*** | |
| ७ | *जन्मदर्ता* | ९०० |
| ८ | *मृत्यू दर्ता* | |
| ९ | *बसाईसराई दर्ता* | |
| १० | *बिबाहदर्ता* | |
| ११ | *सम्बन्ध विच्छेद दर्ता* | |
| | ***अन्य सिफारिस*** | - |
| १२ | *घरबाटो सिफारिस* | २८० |
| १३ | *नागरिकता सिफारिस* | ७५० |
| १४ | *नाता प्रमाणित* | ३२० |
| | ***पूर्वाधार विकास सडक निर्माण*** | |
| १५ | *कालोपत्रे सडक निर्माण* | विवरण पेश नभएको |
| १६ | *कालोपत्रे सडक मर्मत* | |
| १७ | *ग्राभेल सडक निर्माण* | |
| १८ | *ग्राभेल सडक मर्मत* | |

*स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार गाउँपालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा आएको देखिएन । सिफारिस लगायतका अत्यावश्यक सेवा समेत दिन नसेकेको गाउँपालिको सेवाप्रवाहको स्थितिमा सुधार हुनु पर्दछ ।*

**२४.** ***कानून निर्माण र कार्यान्वयन :***

*स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था छ । यस वर्ष गाउँपालिकाले तर्जुमा गरेका निम्न कानूनहरु राजपत्रमा प्रकाशित भई कार्यान्वयनमा आएका छन् :*

| ***सि.नं.*** | ***कानूनको नाम*** |
|---|---|
| १. | *आर्थिक ऐन,२०७५* |
| २. | *कार्यविभाजन नियमावली* |
| ३. | *कार्यसम्पादन नियमावली* |
| ४. | *बजार अनुगमन निर्देशिका, २०७५* |
| ५. | *व्याक हो लोडर सञ्चालन कार्यविधि* |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | | बेरुजू रकम |
|---|---|---|---|
| | ६. | गाउँ सभा सञ्चालन कार्यविधि | |
| | ७. | आकष्मिक कोष ऐन | |
| | ८. | घ बर्गको इजाजतपत्र कार्यविधि, २०७५ | |
| | ९. | आलिताल गाउँपालिका विपद व्यवस्थापन कार्यविधि | |
| | १०. | एम्बुलेन्स सेवा सञ्चालन निर्देशिका, २०७५ | |
| | ११. | स्थानीय उर्जा विकास सम्बन्धी निर्देशिका, २०७५ | |
| | १२. | बाल विबाह विरुद्ध कार्यक्रम सञ्चालन खर्च कार्यविधि, २०७५ | |
| | १३. | बालविकास भर्ना कार्यविधि, २०७५ | |
| | १४. | बालविकास कक्षा सञ्चालन कार्यविधि, २०७५ | |
| | १५. | विद्यालय कर्मचारी सहायता कार्यविधि, २०७५ | |
| | १६. | आलिताल गाउँपालिकाको राहत तथा आर्थिक सहायता वितरण कार्यविधि, २०७४ | |
| | १७. | अपाङ्गता परिचयपत्रसम्बन्धी कार्यविधि, २०७५ | |
| | १८. | कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७५ | |
| | १९. | नदी तथा अन्य सार्वजनिक क्षेत्रको सरसफाई सम्बन्धी कार्यविधि, २०७५ | |
| | २०. | सडक बालबालिका व्यवस्थापन खर्च, कार्यविधि, २०७५ | |
| | २१. | बालकल्याण गृह कार्यविधि, २०७५ | |
| | २२. | शैक्षिक व्यवस्थापन तथा शैक्षिक गुणस्तर सुधार कार्यविधि, २०७५ | |
| | २३. | खानेपानी योजना सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापन निर्देशिका, २०७५ | |
| | २४. | मर्यादित महिनावारी व्यवस्थापन निर्देशिका, २०७५ | |
| | २५. | गाउँपालिका जलस्रोत नियमावली, २०७५ | |
| | २६. | आलिताल गाउँपालिकाको न्यायीक समितिले उजुरीको कारवाही किनारा गर्दा अपनाउनुपर्ने कार्यविधि, २०७५ | |
| | २७. | आलिताल गाउँपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ | |
| | २८. | आलिताल गाउँपालिकाको सहकारी ऐन,२०७५ | |
| २५. | **कल्याण कोष :**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ मा स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवाशर्त तथा कानून बमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान, औषधि उपचार लगायतका सुविधा उपलब्ध गराउन अवकास कोषको स्थापना गर्ने र उक्त कोषमा स्थानीय तहले आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो बराबर हुन आउने रकम थप गरी जम्मा गनुर्पर्ने व्यवस्था छ । गाउँपालिकाको कल्याण कोषमा यो वर्ष एकमुष्ठ रुपमा जम्मा गरेको रु.१६५०००।- समेत गरी रु.३३४७९५।- मौज्दात रहेको देखियो । ऐनमा भएको व्यवस्था अनुरुप योगदानमा आधारित कट्टिसमेत थप गरी रकम जम्मा गरिनुपर्दछ । | | |
| २६. | **न्यायिक समिति :**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ मा न्यायिक समितिको ब्यवस्था रहेको छ । गाउँपालिकाले ३ सदस्य रहेको न्यायिक समिति गठन गरेको छ । न्यायिक समितिसमक्ष आ.व.०७५/७६ मा २८ वटा मुद्दाका फिराद दर्ता हुन आएकोमा समितिले १८ वटा मुद्दा फछ्र्यौट गरेको र १० वटा मुद्दा विचाराधीन अवस्थामा रहेको देखिन्छ । समितिले गाउँपालिकाको वडागत रुपमा परेका विवाद दर्ता अभिलेख व्यवस्थित गरेको देखिएन । सूक्ष्म ढंगबाट विवादको विषयवस्तुको विश्लेषण गरी विवाद | | |

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>न्यूनीकरणलाई सहयोग पुऱ्याउने सम्बन्धी कार्यक्रमको सञ्चालन गर्नुपर्ने, त्यसैगरी गाउँपालिकाले न्यायिक समितिको क्रियाशीलता र प्रभावकारिता बढाउनुपर्ने हुँदा न्यायिक समितिलाई विवाद समाधानमा जिम्मेवार र जवाफदेही तुल्याई सर्वसाधारणलाई कम खर्चिलो, सरल र छरितो न्याय प्रदान गर्न गाँउपालिकाले विशेष ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२७.</td><td>स्थानीय तहका पदाधिकारी सुविधा :<br>नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने व्यवस्था अनुसार सुदुरपश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन,२०७५ जारी गरेको छ । उक्त ऐनमा भएको व्यवस्थाअनुसार गाउँपालिकाबाट देहायबमोजिम रु.१०९२२८३८/- सुविधा वापत भुक्तानी भएको छ ।
<table>
<tr><th>सि. नं</th><th>विवरण</th><th>प्रमुख/अध्यक्ष</th><th>उपप्रमुख</th><th>वडा अध्यक्ष ८ जना</th><th>कार्यपालिका सदस्य ६ जना</th><th>सभाका सदस्य ४३ जना</th><th>जम्मा</th></tr>
<tr><td>१.</td><td>मासिक सुविधा</td><td>३००००</td><td>२५०००</td><td>२००००</td><td>८०००</td><td>५०००</td><td>५७३६०००</td></tr>
<tr><td>२.</td><td>सञ्चार सुविधा (मासिक दरमा)</td><td>११००</td><td>१०००</td><td>५००</td><td></td><td></td><td>७३२००</td></tr>
<tr><td colspan="7">जम्मा</td><td>५८०९२००</td></tr>
</table></td><td></td></tr>
<tr><td>२८.</td><td>पदाधिकारी अन्य सुविधाः<br>सुदुरपश्चिम प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुबिधाको सम्बन्धी ऐन, २०७५ को दफा १२ मा ऐनले निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा लिन नपाइने व्यवस्था छ । गाउँपालिकाले ऐनले तोकेको सुबिधावाहेक बैठक भत्ता रु.८०५०००।-, तथा अन्य सुविधावापत रु.२५२५३०।- सहित जम्मा रु.८३०२५३०.।- सुविधा खर्च लेखेको देखियो । यसरी ऐनमा व्यवस्था नभई लिएको उक्त रकम नियम सँगत नदेखिएको रु.</td><td>८३०२५३०</td></tr>
<tr><td>२९.</td><td>अनुगमन खर्च : गाउँपालिकाले बजेट खर्च गर्दा विल भरपाई सहितको लेखा राख्नु पर्नेमा भ्रमण आदेश वेगर विभिन्न समयको अनुगमन खर्च भनि भुक्तान गरेको निम्न बमोजिमको रकम नियम सँगत नदेखिएको रु.
<table>
<tr><th>गो भौ न र मिति</th><th>अनुगमन खर्च</th></tr>
<tr><td>२३४/२०७५/७/१६</td><td>३९४००.००</td></tr>
<tr><td>३६२/२०७५/९/५</td><td>४२०००.००</td></tr>
<tr><td>१५८/२०७५/१०/२५पूँजीगत</td><td>५५०००.००</td></tr>
<tr><td>२६३/२०७५/१२/१०</td><td>२००००.००</td></tr>
<tr><td>५२०/२०७६/३/२२</td><td>३०२२५.००</td></tr>
<tr><td>४६९/२०७६/३/२७</td><td>३५०००.००</td></tr>
<tr><td>५८६/२०७६/३/२०</td><td>१२५४५५.००</td></tr>
<tr><td>६०९/२०७६/३/२३</td><td>३५७००.००</td></tr>
<tr><td>६११/२०७६/३/२३</td><td>३१८००.००</td></tr>
<tr><td>६७७/२०७६/३/२५</td><td>७६१२०.००</td></tr>
<tr><td>३९३</td><td>२५२००.००</td></tr>
</table></td><td>७७४७३५/-</td></tr>
</table>

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td><table><tr><td>५४९</td><td>२००००.००</td></tr><tr><td>६३७</td><td>१३३००.००</td></tr><tr><td>विभिन्न भौचर/२०७६/३/२५</td><td>२२५५३५</td></tr><tr><td>जम्मा</td><td>७७४७३५</td></tr></table></td><td></td></tr>
<tr><td>३०.</td><td>आर्थिक सहायताः<br>कार्यालयले वडागत सिफारिसका आधारमा विभिन्न ८ वडाका रोगी, विपद् सामना, आगजनी लगायतका समस्यामा परेका ९७ जना व्यक्तिहरुलाई भैपरी आउने पूँजीगत शिर्षकबाट रु.१५ लाख नगद बाँडेको देखियो । गाउँ कार्यपालिकाको नीतिगत निर्णय बिना नै वडागत सिफारिस मात्रको आधारमा आधारमा बाँडिएको उक्त रकम भैपरि आउने सहायता खर्च कै रुपमा निजहरुलाई दिएको पाइयो । यस्तो सहायता खर्च दिने सम्बन्धमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा व्यवस्था नभएको देखिँदा खर्च रकम अनियमित देखिएको रु</td><td>१५०००००/-</td></tr>
<tr><td></td><td>कार्यक्रम तथा योजनागत खर्चको लेखापरीक्षणबाट देखिएका व्यहोरा देहायबमोजिम छन्:</td><td></td></tr>
<tr><td>३१.</td><td>योजना र कार्यान्वयनः<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफलयुक्त योजना छनौट गरी प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दिर्घकालीन प्रकृतिका आयोजनाहरुको सूचीसमेत तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । सो अनुसार दिर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची तयार गरेको पाईएन । योजना तयारी सम्बन्धी उक्त व्यवस्थाको पालना गरिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>३२.</td><td>लक्ष्य प्रगतिको स्थितिः<br>गाउँपालिकाले सञ्चालन गरेका कार्यक्रमको चौमासिक प्रगति विवरण पेश गर्नुपर्नेमा गाउँपालिकाले प्रगति विवरण तयार गरेको देखिएन । गाउँपालिकाबाट सञ्चालित २५५ वटा मूल कार्यक्रम सञ्चालन गरेकोमा कार्यक्रम अनुसारको भौतिक तथा वित्तीय प्रगति विवरण तयार गरेको छैन । कार्यालयबाट सञ्चालन भएका स्थानीय स्तर, जिल्ला स्तरिय तथा केन्द्रिय स्तरका सबै आयोजनाको निर्धारित ढाँचामा प्रगति विवरण तयार गरी कार्यक्रमगत खर्च तथा प्रगति प्रतिवेदन तयार गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>३३.</td><td>प्राविधिक बिल र कार्य सम्पन्नः<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>३४.</td><td>सभाको निर्णय कार्यान्वयन-<br>मिति २०७५।३। मा सम्पन्न गाउँपालिकाबाट पारित विभिन्न क्षेत्रगत १५ वटा कार्यक्रम तथा अन्तर्गतका २५५ वटा सहायक कार्यक्रमसमेतको कार्यान्वयनको स्थितिसहितको सभाको निर्णय र प्रतिवेदन माग गरिएकोमा उपलब्ध हुन सकेन । अत सभाको निर्णय कार्यान्वयन स्थिति प्रतिवेदन तयार गरी वर्षान्तमा समिक्षा गर्नुपर्दछ ।</td><td></td></tr>
</table>

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ३५. | **उपभोक्ता समिति छनौट -**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा एक करोड सम्मको लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा उपभोक्ता समिति वा लाभग्राही समूदायबाट गराउन सक्ने र यसका लागि सम्बन्धित काम र सेवाको प्रकृति, परिमाण, लाग्ने रकम, उपभोक्ता समिति वा लाभगग्रही समूदायको व्यहोर्ने वा व्यहोर्नुपर्ने रकम र अन्य आवश्यक कुराहरु खुलाई सार्वजनिक निकायले सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव माग गर्न वा त्यस्तो समिति वा समुदाय आफैंले प्रस्ताव वा निवेदन पेश गर्न सक्ने ब्यवस्था रहेको छ । तर कार्यालयले यस वर्ष उपभोक्ता समितिबाट कार्य गराउँदा सम्झौताबाहेक सम्झौतापूर्वका उक्त प्रकृया पालना गरेको कुनै कागजात तथा आधार पेश हुन आएन । यसबाट विकास निर्माण कार्यमा उपभोक्ता समिति छनौटको आधार पारदर्शी र प्रतिस्पर्धात्मक तवरले भएको देखिएन । यसबाट निर्माण कार्यको समय, लागत र गुणस्तरमा असर पर्ने हुँदा उपभोक्ता समिति वा लाभग्राही समूह छनौट गर्दा उक्त नियमावलीको ब्यवस्था पालना गरी पारदर्शी र प्रतिस्पर्धात्मक तवरले गरिनुपर्दछ । | |
| ३६. | **खर्च अनुमोदन–**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल भरपाई र खर्च प्रमाणित गर्ने कागजात त्यस्तो समिति वा समूदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयबाट सञ्चालित योजनाहरु उपभोक्ता समितिमार्फत सञ्चालन भएका र बिल भुक्तानीको लागि प्राविधिक मूल्याङ्कन पेश गर्ने गरेको भएता पनि अन्य बिल भरपाई र खर्च प्रमाणित गर्ने कागजातहरु समितिको पूर्ण बैठकबाट खर्च अनुमोदन गरेको प्रमाण र सार्वजनिक तथा सामाजिक लेखापरीक्षण गरी सोको प्रमाण पेश गर्ने गरेको छैन । कार्यालयले समेत अनुगमन समितिको खाली प्रतिवेदनमा हस्ताक्षर गरेको आधारमा खर्चको सुनिश्चितता यकिन गरी भुक्तानीको लागि पेश गर्ने गरेको अवस्था देखिन्छ । नियमको प्रावधान बमोजिम कागजात पेश गर्न लगाई खर्च थप पारदर्शी एवं यथार्थपरक बनाउनेतर्फ कार्यालयले ध्यान दिनुपर्दछ । | |
| ३७. | **योजना हस्तान्तरणः**<br>निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारीसमेत तोकी योजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्नेमा कार्यालयबाट सञ्चालित बार्षिक विनियोजन भएका योजनाहरु उपभोक्ता समितिमार्फत सञ्चालन भएका सम्झौता अनुसारको कार्यको मात्र कार्य सम्पन्न प्रतिवेदन बनाई बार्षिक कार्यक्रम अनुसारको योजना सम्पन्न भएको यकिन गर्ने प्राविधिकहरुको प्रबृत्तिका कारण योजना पूर्ण रुपमा सम्पन्न हुने स्थिति नरहेको देखियो । योजनाहरु सम्पन्न भैसकेपश्चात समितिलाई नै हस्तान्तरण गर्नुपर्नेमा विगत वर्षदेखि सञ्चालन गरिएका कुनैपनि योजना सम्बन्धित समुदायलाई मर्मत सम्भारको जिम्मेवारीसहित हस्तान्तरण गर्ने गरेको छैन । समयमा नै निर्माण कार्य सम्पन्न गरी आयोजनाहरुको स्वामित्व उपभोक्ता समिति मै रहने गरी हस्तान्तरण गर्ने कार्यमा सम्बन्धित निकायको ध्यान जानुपर्दछ । | |
| ३८. | **सार्वजनिक तथा सामाजिक परीक्षणः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले सार्वजनिक सेवाप्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो बनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने ब्यवस्था छ । गाउँपालिकाबाट बार्षिक सम्पन्न पूर्वाधार विकासका योजनामा गरिएको बजेट खर्च तथा उपभोक्ताको अनुदान व्यहोरिएको रकम लगायतका सेवाप्रबाह सम्बन्धमा सार्वजनिक सुनुवाई तथा सामाजिक परीक्षण भए गरेको पाईएन । ऐनले तोकेअनुसार कार्यान्वयन भएका योजनागत विकास निर्माणका कार्यको सार्वजनिक एवं सामाजिक परीक्षण गर्ने ब्यवस्था सुरु गर्नुपर्ने देखिन्छ । | |
| ३९. | **गुणस्तर परीक्षणः** | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेसिफिकेसन र गुणस्तर बमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनुपर्ने व्यवस्था छ । कार्यालयबाट खरिद गरिएका यन्त्र उपकरण, ल्यापटप लगायत सवारी साधनको भुक्तानी गर्दा सामानको गुणस्तर परीक्षण गरेको छैन । अतः खरिद भएको निर्माण सामाग्री लगायतका यन्त्र औजार लगायतका सामानहरुको गुणस्तर सम्बन्धमा सुनिश्चित गरिनुपर्दछ । | |
| ४०. | **कन्टिन्जेन्सी खर्चको अभिलेख–**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च ३ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने व्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ४ प्रतिशत का दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन । यसले गर्दा पूँजीगत एवं चालु खर्चमा कन्टिन्जेन्सी खर्चको अवस्था यकिन गर्न सकिएन । कार्यालयले कन्टिन्जेन्सी खर्चको कार्यक्रमगत आम्दानी खर्चको अभिलेख राखि कन्टिन्जेसी रकमको तोकिएको क्षेत्रमा उपयोग तथा नियन्त्रणको व्यवस्था गरिनुपर्दछ । | |
| | **वित्तिय समानिकरण (पूँजीगत)** | |
| ४१. | **अनुगमनः** स्थानीय सरकार संञ्चालन ऐन २०७४ दफा ९२(४)अनुसार स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमहरु सम्पन्न भएपछि अनिवार्य अनुगमन गरी निर्माणमा भए गरेको स्थिती एवं सुधार सहितको सुझाव दिनुपर्ने व्यवस्था छ । सो अनुसार गाउँपालिकाबाट सम्पन्न भएका सडक लगायतका पूर्वाधारका कार्यक्रमको गरिएको तर प्रतिवेदनमा अनिवार्य खुलाउनु पर्ने कामको परिमाण,गुणस्तर लगायतका विषयहरु उल्लेख नगरी केवल हस्ताक्षर मात्र गरी प्रतिवेदन दिने गरेको देखियो । ऐनको व्यवस्था अनुसार रु ५ लाख भन्दा माथी बजेट खर्च भएका योजनाको विधिवत गठित समितिले अनिवार्य कार्य सम्पन्न भएपश्चात विस्तृत अनुगमन गरी एकिन काम भएको परिमाणको भुक्तानी सिफारिसको आधारमा कार्यालयले भुक्तानी दिने व्यवस्था परिपालना हुन सकेको देखिएन । योजनाको अन्तिम भुक्तानी हुनु अगाडी अनुसूचिमा तोकिएको ढांचामा अनिवार्य अनुगमन प्रतिवेदन अद्यावधिक गरी समितिको सिफारीसका आधारमा भुक्तानी हुनु पर्दछ । | |
| ४२. | **मुल्य अभिबृद्धि करः**<br>आर्थिक विधेयक, २०७६ ले मू.अ.कर ऐन, २०५२ मा गरेको संशोधित व्यवस्था एवं मू.अ.कर नियमावली, २०५३ को २१ औ संशोधनअनुसार ६(ग) को थप व्यवस्थाले कार्यालयले ठेक्का, परामर्श, सामान आपूर्तिमा आर्पूतकलाई बिजकअनुसार थप भुक्तानी हुने मूल्य अभिबृद्धि कर रकमको ५० प्रतिशतले हुनआउने रकम कार्यालयबाट भुक्तानी खर्च लेख्दा कट्टा गरी सम्बन्धित आर्पूतकको स्थायी लेखा दर्ता रहेको आन्तरिक राजस्व कार्यालयको कोडमा नै दाखिला गर्नुपर्ने व्यवस्था रहेकोमा गाउँपालिकाले २०७६ जेष्ठ १५ पछाडीका भुक्तानीमा थप दिएको मु.अ.कर रकमको ५० प्रतिशतले हुने रकम कट्टा नगरी पुरै मु.अ.कर भुक्तानी दिएको देखियो । परीक्षण भएका भौचरहरुको आधारमा देखिएका उल्लेखनीय मू.अ.कर कट्टी नगरेको कारोवार रकमको मु.अ.कर समायोजन प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल हुनुपर्ने रु. | ३४९७१७/- |
| | | |
| ४३. | **उपभोक्ता समितिले सम्झौता अनुसार कार्यान्वयन जिम्मा लिएको निर्माणको काम निर्माण व्यवसायी मार्फत गराएको :**<br>**क)** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७(९)(१०) बमोजिम उपभोक्ताबाट सम्पन्न गर्ने गरी सम्झौता भएका निर्माण कार्यमा डोजर,लोडर एक्साभेटर जस्ता हेभी मेशीनहरुको प्रयोग गर्न | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|

नमिल्ने तर लागत अनुमान तयार गर्दा नै उक्त मेशीन प्रयोग गर्नुपर्ने प्रकृतिको काम उल्लेख भएका मेशीनको प्रयोग गर्न सकिने उल्लेख छ । यसरी उपभोक्ता समितिले सम्झौताबाट लिएको निर्माण कार्य पुनः सवलेटमा ठेकेदारबाट गराउन सकिने छैन भनी उल्लेख छ । निकायले सिचाई, खानेपानी तथा ग्रामीण सडकका सवैजसो योजनाहरु उपभोक्ता समिति मार्फत गराउन सम्झौता गरेकोमा ती समितिहरुले आ आफुले जिम्मा लिएका निर्माणका कार्यहरु पुनः निर्माण व्यवसायीसँग सम्झौता गरी मू.अ.कर विजक जारी गरी निर्माण कार्य गराइ मु.अ. कर रकम थप गरी भुक्तानी लिएको अवस्था छ । एक्जाभेटर, ब्रेकर जस्ता सामानको प्रयोग गरी निर्माण व्यवसायीबाट सम्पन्न गराएका समितिहरुले सम्झौता गरेका योजनाका केही उदाहरण निम्न छन ।

| गो.भौ.नं./ मिति | उपभोक्ता समिति | योजनाको नाम | सम्झौता रकम | ठेकेदारबाट गराएको कामको भुक्तानी रकम | ठेकेदारको नाम |
|---|---|---|---|---|---|
| १५०/०७५/१०/१८ | खिन्नेमाडी सडक उ.स. | घरेलु खिन्नेमाडी सडक मर्मत | २६७९३२ | २६७९३२ | डि.एन. निर्माण सेवा |
| ३६/०७५/८/१४ | गैरा गांखेत सडक उ.स. | गैरा गांखेत उणीकोट सडक मर्मत | ३००००० | ३००००० | जि.एस. कन्स्ट्रक्सन |
| ४८/०७५/९/३ | शेरी धिमड स.म.उ.स | शेरी धिमडा बास्कोटा सडक | २८१३८४ | २८१००० | नायल कन्स्ट्रक्सन |
| १२५/०७५/१०/१० | आलिताल पर्यटन सडक उ.स. | आलिताल घुम्ती पर्यटन सडक | ७६८०००० | ७६८००० | नायल कन्स्ट्रक्सन |
| २६५/०७५/१२/१० | आलिताल पर्यटन सडक उ.स. | घुम्ती आलिताल पर्यटन सडक | १९२००००० | १९२०००० | डि.एन.निर्माण सेवा |
| ३१२/०७५/१२/२४ | आलिताल पर्यटन सडक उ.स. | आलिताल पर्यटन सडक स्तरोन्नति | १५००००० | १५००००० | डि.एन.निर्माण सेवा |
| ६७९/०७६/३/२५ | गैरा गांखेत आलिताल सडक उ.स. | गैरा आलिताल गांखेत सडक विस्तार योजना | २२६००५३ | २२६०००० | जि.एस. कन्स्ट्रक्सन |
| जम्मा | | | ७२९७३६९ | ७२९६९३२ | |

**ख**).उपभोक्ता समितिलाई निर्माण कार्यको बढीमा रु.१ करोडसम्मको लागत अनुमानको कार्य उपभोक्ता समिति मार्फत कार्यान्वयन गराउन सकिने व्यवस्था छ । यसरी उपभोक्ताले सम्झौता गरी लिएको योजना पुनः तेस्रो पक्षलाई करार गराई दिन नमिल्ने उल्लेख भएकोमा कार्यालयसँग सम्झौता गरेका अधिकांश ग्रामिण सडकहरु, लघु जलविद्युत योजनाहरु उपभोक्ताले ठेकेदारसँग पुनः सम्झौता गरी ग्रामिण सडकमा एक्साभेटर लगाएर खनी ठेकेदारको बिल संलग्न गरी भुक्तानीको लागि पेश गर्ने

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | गरेको देखियो । प्राविधिकहरुले लागत अनुमान तयार गर्दा जनश्रमदानको Component अनुसारको कम यकिन गरी कुल लागत अनुमान तयार नगर्ने, सम्झौताअनुसारको भुक्तानी बिल तयार गर्दासमेत उपभोक्ताको सम्झौतामा कबोल अंकको जनश्रमदानको Component अनुसारको कामको मूल्याङ्कन बिल तयार नगरेकाले कार्य सम्पन्न प्रतिवेदनमा एकमुष्ट कुल मूल्याङ्कन रकमबाट भुक्तानी हुने अंश कट्टा गरी बाँकी बचत रकम उपभोक्ताको जनश्रमदान भनि बिलको अन्तिम हरफमा उल्लेख गर्नाले उपभोक्ताको यथार्थ जनश्रमदानको यकिन हुन सक्ने अवस्था देखिएन । उपभोक्तासँग गरेका सम्झौतामा न्यूनतम १५ प्रतिशत श्रमदान अनिवार्य गरेकोमा उपभोक्ताले ठेकेदारलाई सडक निर्माणको कार्य सवलेटमा दिएकाले श्रमदानको अंश समावेश हुन सक्ने अवस्था देखिएन । | |
| ४४. | **न्यून बजेट योजनाः**<br>स्थानीय निकायको परिषद्बाट योजना स्वीकृत गराउँदा स्रोतसमेतको अवस्थालाई ध्यानमा राखी योजना खण्डिकरण रोक्ने उद्देश्यका साथ रु.३ लाखभन्दा कम बजेट रकमका योजना गाउँसभाबाट बजेट स्वीकृत गराई यस वर्ष मन्दिर निर्माण, सिंचाई, खानेपानीका संरचना मर्मत, विद्यालय भवन निर्माण लगायतका योजनामा रु.२४ हजारदेखि माथि ३ लाखभन्दा कम बजेट विनियोजन गरी १०३ योजनामा रु.२ करोड १२ लाख बजेट खर्च गरेको देखियो । न्यून बजेट विनियोजन भएका योजनाका केही उदाहरण निम्न छन् : | |

| वडा नं. | योजना | योजनाको प्रकृति | विनियोजित बजेट | खर्च |
|---|---|---|---|---|
| २ | साहुखर्क काफली सडक | सडक निर्माण विस्तार | १००००० | १००००० |
| ४ | सामूदायिक भवन निर्माण | भवन निर्माण | २००००० | २००००० |
| ५ | शिव मन्दिर निर्माण | भवन निर्माण | १००००० | १००००० |
| १ | घण्टेश्वर बाबा मन्दिर | भवन निर्माण | ७०००० | ७०००० |
| ६ | घोडेखान, सिन्दुरेखान कृषि सडक | सडक निर्माण | १८०००० | १८०००० |
| ६ | शेरी घिमडा बास्कोटा सडक | सडक विस्तार | १२०००० | १२०००० |
| १ | घण्टेश्वर मन्दिर निर्माण | शौचालय निर्माण | १६८००० | १६८००० |
| ३ | आलिताल चौड कान्तिपुर सडक | सडक निर्माण | १००००० | १००००० |
| ४ | जालढुंगा रज्यौडा कृषि सडक | सडक निर्माण | १००००० | १००००० |
| ३ | गोलिया खोला तथवन्ध | तटवन्ध निर्माण | १८१००० | १८१००० |
| ३ | तल्लो चौड खा. पा. योजना | खानेपानी योजना | ६०००० | ६०००० |
| ३ | तुङ्गा खानेपानी योजना | खानेपानी योजना | ६४००० | ६४००० |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | | | | | बेरुजू रकम |
|---|---|---|---|---|---|---|
| | ३ | आलिताल गांखेत तटवन्ध | तटवन्ध निर्माण | २४००० | २४००० | |

४५. **असम्बन्धित योजनाको भुक्तानीः**

संघिय मामिला तथा स्थानीय विकास मन्त्रालयको प स २०७४।७५ च न १४४,मिति २०७४।१०।९ को पत्रको निर्देश अनुसार विगत वर्षमा ठेक्का सम्झौता भई चालु आ व मा कार्यान्वयन भएर प्राविधिक कारणबाट भुक्तानी वाकी रहेको अधुरा योजनाको भुक्तानी दिनुपर्ने भए सम्पन्न भएका त्यस्ता योजनाको भुक्तानी रोकिएको स्पष्ट कारण सहित कार्य सम्पन्न प्रतिवेदन र प्रमाणित लेखा विवरणका आधारमा जिल्ला समन्वय समितिबाट भुक्तानी दिइ सो को योजनागत भुक्तानीको विवरण तयार गरी मन्त्रालय पठाउन निर्देशन भएकोमा जिल्ला समन्वय समितिको कार्यालयले स्थानीय यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रम अन्तरगतको रु २१०४५२९।६८(भ्याट वाहेक) को ठेक्काको अन्तिम रनिङ बिल वापतको रु ११४५७७०।.भुक्तानी दिन गाउँपालिकालाई सिफारिस गरेको देखियो । यस सम्वन्धमा देखिएका थप व्यहोरा निम्न छन्।

**क**) भौ न २३५, योजनाको भुक्तानी बाँकी जनाई जिल्ला समन्वय समितिबाटै भुक्तानी हुनुपर्ने भुक्तानी बाँकीको बिल स्थानीय तहमा पठाई खर्च लेख्न पाउने यकिन आधार नदेखिएको, अधुरा योजनाहरु विधिवत रुपमा स्थानीय तहलाई हस्तान्तरण समेत नगरेको अवस्थामा भुक्तानी दिन वाकी दायित्व स्थानीय तहले लिनुपर्ने कुनै आधार देखिदैन । विगतमा भुक्तानी हुन नसकेको कारण सहितको भुक्तानी दिनुपर्ने वाकी योजनागत अभिलेख नराखेको अवस्थामा गत विगतका योजनाको भुक्तानी दिन बजेट विना नै समितिले स्थानीय तहलाई गरेको निर्देशन उचित देखिएन । भुक्तानीको सिफारिस गरेको अभिलेख मन्त्रालय समेत नपठाइ असम्बन्धित कार्यको भुक्तानीको लागि सिफारीस गर्ने प्राविधिक लगायत आदेश दिने पदाधिकारीलाई जिम्मेवार वनाई असम्बन्धित खर्चको बजेट वेगर खर्च लेखेको रकम असूल हुनुपर्ने रु. ११४५७७८

**ख**) उक्त भुक्तानी दिन वांकी योजनाको दोश्रो पटक म्याद थप भएको अवधि २०७४।५।२४ मा समाप्त भै सकेको, ठेकेदारले २०७५।११।२७ मा म्याद थप विनै भुक्तानीका लागि निवेदन समेत पेश गरेकोमा निज सँगको सम्झौतामा न्त्रृत्रृ द्धाठ अनुसार १० प्रतिशतले पूर्व निर्धारित क्षतिपूर्ति रु.२१०४५३।. असूल गर्नुपर्नेमा म्याद थप वेगर भुक्तानी दिएकोले सम्झौता अनुसारको क्षतिपूर्ति रकम असूल हुनुपर्ने रु. २१०४५३/-

४६. **बर्षान्तमा रकमान्तरः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ मा स्थानीय तहको कार्यपालिकाले स्वीकृत वार्षिक स्वीकृत बजेटको आधारमा रही कुनै शीर्षकबाट पूँजीगत शीर्षकमा २५ प्रतिशतमा नबढाई रकमान्तर गर्न सक्ने उल्लेख छ । यो वर्ष कार्यपालिकाले पटके निर्णयबाट १६ वटा स्वीकृत कार्यक्रमको रु.६५ लाख १५ हजार बजेट विभिन्न नयाँ २७ वटा योजनामा आषाढ महिनामा आएर रकमान्तर गरेको देखियो । कार्यालयले योजना तर्जुमा गर्दा विस्तृत सर्भेक्षण तथा प्राथमिकीकरण गर्न नसक्दा गाँउसभाबाट स्वीकृत योजना तथा कार्यक्रम कार्यान्वयन हुन नसकी रकमान्तर गरी अन्यत्र खर्च गर्नुपर्ने अवस्था देखियो । अतः योजनाको विस्तृत सर्भेक्षण तथा प्राथमिकता निर्धारण गरी बजेट तर्जुमा गरेर कार्यक्रम कार्यान्वयनमा कार्यालयले बिशेष ध्यान दिनुपर्दछ । ऐनको व्यवस्था विपरीत रकमान्तर गरी बजेट खर्च भएका केही उदाहरण निम्न छन्:

| गाउँसभाबाट पारित योजना | विनियोजन बजेट | गाउँपरिषदको बैठकबाट अन्यत्र सारी कार्यान्वयन गरेका योजना | बजेट खर्च | निर्णय मिति |
|---|---|---|---|---|
| भैपरी पूँजीगत (पदाधिकारी पारिश्रमिक, सवारी साधन मर्मत, | ४७५०० ०० | घुम्ती आलिताल पर्यटन सडक जाली खरिद तथा वितरण, आयुर्वेद औषधालय अनुदान, | १५ लाख ५ लाख ३लाख ५० हजार | निर्णय नं. ४ २०७५।११।१५ |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| भाडा, करार सेवा उद्दार राहत शिर्षकहरु) | | प्रत्येक वडालाई आवश्यकता अनुसार खर्च गर्ने गरी | २४ लाख | |
| ८ वटा वडाका विभिन्न १५ वटा योजनाहरु | १७६५००० | ८ वटा वडामा नयाँ २३ वटा योजना परिमार्जन गरी थप | १७६५००० | निर्णय नं. ५ २०७५।११।१५ |

४७. **जग्गा खरिद सम्बन्धमा:**

संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.स. २०७४।०७५ च. नं. २१३ मिति २०७५।२।१३ को परिपत्र अनुसार स्थानीय सरकार सञ्चालन ऐन २०७४ वमोजिम तोकिएको जिम्मेवारी पुरा गर्ने सन्दर्भमा स्थानीय तहले जग्गा प्राप्ती गर्दा साविक स्थानीय निकाय वा सरकारी निकायको नाममा रहेको वा कुनै जग्गा निशुल्क रुपमा लिने प्रकृयालाई प्राथमिकतामा राखी जग्गा प्राप्ती गनुपर्ने अवस्थामा सरकारी जग्गा दर्ता वा लिजमा उपलव्ध गराउने सम्वन्धी कार्यनीति २०७१ ले तोकेका प्रकृया वमोजिमका कागजातहरु सहित प्रारम्भिक कार्वाही चलाउने अधिकारी तोक्न मन्त्रालयमा पठाई निकासा भए अनुसार गर्ने भनि मिति २०७५।२।१३ को नेपाल सरकार(सचिव स्तर)बाट निर्णय भएकोले सो परिपत्रमा उल्लेख भए वमोजिमका प्रकृया अवलम्वन नगरी सोझै जग्गा खरिद गरि भुक्तानी दिएको छ । यस सम्वन्धमा देखिएका थप व्यहोरा निम्नानुसार छन ।

**क)** अस्पताल निर्माण गर्ने परीयोजनाका लागी स्वास्थ्य चौकीसँग जोडिएको कि न ३०८ को ७-१-०-० मध्येबाट ४-४-०-४ जग्गा रु २८ लाखमा व्यत्तिबाट सोझै मोलमोलाई गरी खरीद गरेको देखिन्छ । उक्त जग्गाको आ व २०७५।०७६ को मूल्यांकन प्रति रोपनी २ लाख ५० हजार कायम रहेकोमा गाउँपालिकाको २०७५ असोज १४ को निर्णयबाट उक्त जग्गा जग्गाधनी र अध्यक्षको मोलमोलाईबाट सिधै खरिद भएको देखिएकोले सार्वजनीक खरिद ऐन तथा नियमावलीको व्यवस्था अनुसार सिलवन्दी दरभाउपत्रद्धारा खरिद गनुपर्नेमा अमानतबाट खरिद गरी भुक्तानी गरेको रु

**२८०००००/-**

ख) उपरोक्त वमोजिम क्षेत्रफल ४-४-०-० जग्गा खरिद गर्न लिएको पेश्की स्वा.स्वा. से श्री धन व क्षेत्रीको पेश्की फछ्र्योट गर्दा आर्थिक ऐन २०७५ ले पूँजीगत लाभकर निशर्गकर्ता लाई लाग्ने हुँदा जग्गा विकेताले विकी गर्दाकै वखत तिर्नुपर्ने व्यवस्था गरेकोमा उक्त पूँजीगत लाभकर केता ( गाउँपालिका) को तर्फबाट भुक्तानी गरेको भनि रु.७००००। खर्च लेखेको देखियो । विकेताले आफ्नो निसर्गमा लाग्ने उक्त कर केताले भुक्तानी गर्न नमिल्ने देखिएकोले उक्त रकम असुल हुनुपर्ने देखिएको रु

**७००००/-**

ग) भौ न १७५।२०७५।११।९ मौरी ढुङ्गा वाटो निर्माणको सिलसिलामा झोलुङ्गे पुलको दुवै किनारातर्फ व्यक्तिको जग्गा परेकोले निजहरुसँग भरपाईका आधारमा निम्न रकम भुक्तानी दिएको देखियो ।

| सि.नं. | नाम | जग्गाको क्षेत्रफल | भुक्तानी रकम |
|---|---|---|---|
| १ | गणेश वहादुर वोहोरा | नखुल्ने | १०००००.०० |
| २ | हिरा वहादुर वोहरा | नखुल्ने | ५००००.०० |
| ३ | लल्लो वोहरा | नखुल्ने | ५००००.०० |
| ४ | देवि वोहरा | नखुल्ने | ५००००.०० |
| | | | २५०००० |

उक्त मूल्य बरावरको जग्गाको लालपूर्जा गाउँपालिकाको नाममा नआएको के कति क्षेत्रफलको जग्गा कुन दरमा खरिद गरेको हो सो समेत यकिन गर्न सक्ने अवस्था नरहेकोले कुन कुन कित्ताका के कति जग्गा खरिद भएको हो सो जग्गाको स्वामित्व गाउँपालिकाको नाममा आएको प्रमाण पेश गर्नुपर्ने रु.

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | | २५००००/- |
| ४८. | **गो.भौ.नं.१२७३, मिति २०७६।३।३१:(आधारभुत स्वास्थ्य सशर्त चालु)** आधारभुत स्वास्थ्य सेवा केन्द्र भवनको निर्माण (ठेक्का नं. बितरम्बम्रल्ञ्चयरध्यचपकरण्डरण्ठछरठट) कार्यको ठेक्का जि.सप्लायर्स एण्ड कन्स्ट्रक्सनलाई मिति २०७६।३।१८ मा ठेक्का स्वीकृतिको पत्र पठाएको देखिन्छ। ठेक्का स्वीकृती भएको १३ दिनमा नै कार्यसम्पन्न भई रु.२०५४७९०। भुक्तानी भएको देखिएकाले छ । १३ दिनमा नै भवन निर्माण हुनुको आधार कारण कार्यालयले पेश गरेको नदेखिएकाले अनियमित भएको रु. | २०५४७९०/- |
| | **वित्तीय समानीकरण (चालु)** | |
| ४९. | **तालिम तथा कार्यशाला गोष्ठी सञ्चालनः**<br>गाउँपालिकाले सीप विकास तालिम तथा स्थानिय कार्यशाला गोष्ठी सञ्चालन गर्दा अधिकांशमा प्रशिक्षण वापतको भत्ता, खाना, खाजा ,रिचार्ज कार्ड, पानी खरिदको भरपाई रहेता पनि कार्यक्रम पाठ योजना, प्रस्तुत कार्यपत्र विवरण रहेको देखिएन । तालिम सञ्चालनको स्पष्ट कार्ययोजना बिना नै कार्यक्रम सञ्चालन गरेको तथा कार्यक्रमको अधिकांश बजेट कर्मचारी र पदाधिकारी भ्रमण एवं प्रशासनिक खर्च हुने गरेको देखिन्छ । आगामी दिनहरुमा कार्यालयले यस्ता तालिम तथा स्थानिय कार्यशाला गोष्ठी सञ्चालन गर्दा स्पष्ट कार्ययोजना सहित आवश्यकताको पहिचान गरेर सहभागिता सुनिश्चितता हुने गरी व्यवस्थापन खर्च मितव्ययी हुने ढङ्गले गर्नुपर्ने देखिन्छ । | |
| ५०. | **मसलन्द सामाग्री खरिद सम्वन्धमा :**<br>गाउँपालिकाबाट सञ्चालित अधिकांस कार्यकम हरुमा कार्यकमका लागि छुट्याएको रकम वाहेक छुट्टै अन्य भौचरबाट समेत सोही कार्यकममा खर्च भएको मसलन्द भनि खर्च लेख्ने गरेको देखियो । कार्यकममा तोकिएको खर्च वाहेक पनि खर्च लेख्ने कार्यलाई नियम संगत मान्न सकिदैन । अत आगामी दिनमा कार्यालयले यस प्रकारका खर्च नियन्त्रण सम्बन्धमा विशेष पहल गर्नुपर्ने देखिन्छ । | |
| ५१. | **वितरण भरपाई पेश गर्नुपर्नेः** गाउँपालिकाले स्वीकृत बजेट खर्च गर्दा विल भरपाई सहितको लेखा राखी खर्च लेख्नुपर्दछ । गो.भौ. नं. ८०२।२०७५।१२।२४ मा क्यालेण्डर छपाई ३५०० वटाको रु १५७५००। तथा व्याग खरिद १०० पिसको रु १३५०००। गरि जम्मा रु २९२५००। को कहां कहां वितरण गरेको हो सोको प्रमाण पेश गर्नुपर्ने रु. | २९२५००/- |
| ५२. | **गो.भौ.नं.४२९** बाट रेडियो युनिटी ९२.२ मेगाहर्ज, डडेल्धुरासँग सम्झौता गरी अनुदान रु.१५००००। दिएकोमा खर्च विलमा खाना, मासु तथा कोठा भाडा वाहेक अन्य कार्यकम सञ्चालन सम्बन्धमा सम्झौता अनुसारको सूचना उत्पादन, प्रशारण जस्ता क्रियाकलाप लगायतका विवरण केहि पनि देखिएन । सम्झौतामा समेत निरन्तर सहकार्य जस्तो अमूर्त शव्द राखेर रेडियोलाई दिएको उक्त रकम नियम सँगत नदेखिएको रु | १५००००/- |
| ५३. | **गो.भौ. नं.** ६०५ बाट परशुराम धार्मिक महोत्सवका लागि आर्थिक सहयोग भनि रु १०००००। एकमुष्ट रुपमा दिएको देखियो । कुन प्रयोजनका लागि खर्च दिएको हो सो समेत नखुलाई दिएको उक्त रकम महोत्सवमा कहाँ कहाँ के कसरी प्रयोग भएको हो सो विवरण समेत नदेखाइ खर्च लेखेको उक्त रकम नियम सँगत नदेखिएको रु | १०००००/- |
| ५४. | **उदघाटन भत्ता सम्वन्धमा :** गाउँपालिकाद्वारा सञ्चालन गरिने सूचनामूलक, प्रवर्द्धनात्मक कार्यक्रमको उद्घाटन समापन जस्ता अनौपचारिक बजेट तथा कार्यक्रमको कार्यान्वयनको सिलसिलामा अध्यक्षता लगायत सम्मानजनक आतिथ्यता गर्दा पारिश्रमिक भत्ता लिन पाउने कानूनी व्यवस्था देखिँदैन । तर कार्यालयले त्यस्ता कार्यवापत भत्ता वितरण गरेको देखियो । ऐन नियममा व्यवस्था नभएको निम्न भौचरबाट दिएको उदघाटन, समापन तथा अनुगमन सहजिकरण भत्ता भनि खर्च लेखेको रकम असुल दाखिला हुनुपर्ने रु | १८९५०/- |

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>
<table>
<tr><th>गो.भौ.नं.। मिति</th><th>कार्यक्रम</th><th>कर कट्टी पछिको भत्ता रकम</th></tr>
<tr><td>९४४/२०७६/२/७</td><td>योजना तर्जुमा गोष्ठि</td><td>२२५०.००</td></tr>
<tr><td>९६८/२०७६/२/२४</td><td>–</td><td>२२५०.००</td></tr>
<tr><td>५४२/२०७५/१०/२१</td><td>उपभोक्ता समितिका पदाधिकारी अभिमुखीकरण</td><td>७६५०.००</td></tr>
<tr><td>१२४९,१२५०,१२७४</td><td>न्यायिक समितिको तालिम</td><td>६८००.००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>१८९५०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५५.</td><td>असुल हुनुपर्ने: गो.भौ. नं. ७०७ बाट खर्च लेखेकोमा कार्यक्रम संयोजक गणेश वहादुर थापाले सोहि कार्यक्रममा अनुगमन वापत भनि वुझेको रकम असुल दाखिला हुनुपर्ने रु</td><td>७५००/-</td></tr>
<tr><td>५६.</td><td>व्यक्तिगत खर्च: गो.भौ. नं. २९३।२०७५।८।२१ बाट भुक्तानी भएको बल बहादुर गुरुङ र श्रीमती कल्पना गुरुङको व्यक्तिगत तथा पारिवारिक वैदेशिक भ्रमणको रु.५८१९८/-विल रकम भुक्तानी भएको छ । आगामी दिनमा यस्ता व्यक्तिगत प्रयोजनका खर्चमा नियन्त्रण गरिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>५७.</td><td>प्रमाण पेश गर्नुपर्ने: स्वीकृत कार्यक्रम र बजेट निर्धारित कार्यमा खर्च गरी रितपूर्वकको बिल भरपाईसहितको लेखा राख्नुपर्नेमा कार्यालयले विभिन्न समयमा कार्यक्रम सञ्चालन भनि प्रदान गरको रकम ति संस्थाहरुले उपयोग गर्न पूर्ववत पेश गरेको कार्यक्रम अनुसार खर्च गरी सो को बिल भरपाईसहितको सोधभर्ना भुक्तानी माग्नुपर्नेमा सम्बन्धित निकायले आवश्यक खर्चका प्रमाण एवं सो कार्यक्रम सञ्चालन गरेको प्रमाण र वितरण भरपाई पेश हुनुपर्ने अन्यथा संस्थाहरुबाट असुल दाखिला हुनुपर्ने रु
<table>
<tr><th>सि.नं.</th><th>संस्थाको नाम र ठेगाना</th><th>प्रदान गरेको रकम</th></tr>
<tr><td>१</td><td>डडेल्धुरा वहुमुखी क्याम्पस। दोस्रो स्ववियू कप भलिवल</td><td>२५०००.००</td></tr>
<tr><td>२</td><td>कृष्ण कालिका मा वि वार्षिक उत्सव मनाउने कार्यक्रम</td><td>१५००००.००</td></tr>
<tr><td>३</td><td>परशुराम धार्मिक पर्यटन महामहोत्सव</td><td>२०००००.००</td></tr>
<tr><td>४</td><td>कृष्ण कालिका मा वि वार्षिक उत्सव मनाउने</td><td>५००००.००</td></tr>
<tr><td>५</td><td>असीग्राम धार्मिक महाउत्सव मूल आयोजक समिति</td><td>२०००००.००</td></tr>
<tr><td>६</td><td>डोलेली मगर सांस्कृतिक सम्बद्धन समिति</td><td>५००००.००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>६७५०००</td></tr>
</table>
</td><td>६७५०००/-</td></tr>
<tr><td>५८.</td><td>गो.भौ.नं. ९४९, मिति २०७६।२।८:<br>अ.स.ई. टेक बहादुर रानालेSmart Road E-Tab सम्बन्धी तालिम सञ्चालन गर्न लिएको पेश्की वर्षान्तसम्म पनि तालिम कार्यक्रम सञ्चालन गरी फर्छ्यौटका लागि पेश भएको देखिएन । अतः कार्यक्रम सञ्चालन नभएको उक्त रकम असुल दाखिला हुनुपर्ने रु.</td><td>३०२०००/-</td></tr>
<tr><td>५९.</td><td>अन्य प्रयोजनको खर्च:<br>स्वीकृत बजेटभित्र तोकिएको खर्च शिर्षकमा मितव्ययीतापूर्ण खर्च गरी प्रगति हाँसिल गर्नुपर्नेमा</td><td></td></tr>
</table>

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>गाउँपालिकाले अन्य संस्था, कार्यालयका भवन मर्मत, सुधार, नया निर्माण कार्यका लागि नगद अनुदान उपलव्ध गराएको देखियो । यसरी स्थायी संरचना निर्माण मर्मतका लागि गाउँपालिकाले अन्य कार्यलय/संस्था लाई भुक्तान गरेको रकम नियम सँगत नदेखिएको रु.<br>
<table>
<tr><th>गो.भौ.नं./मिति</th><th>संस्था</th><th>प्रयोजन</th><th>रकम रु</th></tr>
<tr><td>६६/२०७५/९/१९</td><td>नेपाल रेडक्रस सोसाइटी- उपशाखा</td><td>भवन मर्मत</td><td>११५०००</td></tr>
<tr><td>१७४/२०७५/११/८</td><td>जिल्ला समन्वय समिति</td><td>गाडी मर्मत</td><td>५००००</td></tr>
<tr><td>२६७/२०७५/१२/११</td><td>चेतना कृषि सहकारी संस्था</td><td>भवन निर्माण</td><td>४८००००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>६४५०००/-</td></tr>
</table></td><td>६४५०००/-</td></tr>
<tr><td>६०.</td><td>प्रमाण वेगरको खर्चः स्वीकृत कार्यक्रम र बजेट निर्धारित कार्यमा खर्च गरी सोसँग सम्बन्धितवमोजिमको प्रमाण वेग खर्चका बिल बिजकसहितको लेखा राख्नुपर्नेमा बिल बेगर बढी खर्च लेखेको निम्नानुसारका कारोवारबाट भुक्तानी भएको रकम असुल दाखिला हुनुपर्ने देखिएको रु.<br>
<table>
<tr><th>गो.भौ.नं. । मिति</th><th>रकम</th><th>विवरण</th></tr>
<tr><td>६३५/२०७५/११/१४</td><td>१०८००.००</td><td>पेश्की फछ्र्योट वडा न १ कार्यक्रम</td></tr>
<tr><td>६३५/२०७५/११/१४</td><td>१०७००.००</td><td>पेश्की फछ्र्योट वडा न २ कार्यक्रम</td></tr>
<tr><td>७०७/२०७५/११/२९</td><td>१०००.००</td><td>बिल भरपाइभन्दा वढी भुक्तानी</td></tr>
<tr><td>७५९/२०७५/१२/१२</td><td>१००००.००</td><td>" "</td></tr>
<tr><td>७३०/२०७५/१२/१०</td><td>५०००.००</td><td>" "</td></tr>
<tr><td>८००/२०७५/१२/२४</td><td>१५०००.००</td><td>" "</td></tr>
<tr><td>१०७८/२०७६/३/८</td><td>१००००.००</td><td>" "</td></tr>
<tr><td>१२२०/२०७६/२७</td><td>२००००.००</td><td>" "</td></tr>
<tr><td>जम्मा</td><td>८२५००</td><td></td></tr>
</table></td><td>८२५००/-</td></tr>
<tr><td></td><td>राष्ट्रपति चुरे संरक्षण</td><td></td></tr>
<tr><td>६१.</td><td>कोटेशनबाट खरिदः<br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मायस ऐनमा अन्यथा व्यवस्था भएको अवस्था बाहेक खरिद गर्दा सम्भव भएसम्म खुल्ला बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यस कार्यक्रम अन्तर्गत तटवन्ध सम्बन्धी काम गर्दा एकै प्रकृतिका काममा तीन बोलपत्र तथा दुई कोटेशनको माध्यमबाट गरेको पाइयो । जसबाट प्रकृयागत खर्च बढनुका साथै खरिदमा अधिकतम प्रतिश्पर्धात्मक लाभ प्राप्त गर्नेबाट कार्यालय बञ्चित भएको छ। कोटेशनको माध्यमबाट भएको खरिद नियमसम्मत नभएको रु.<br>
<table>
<tr><th>गो.भौ.नं./मिति</th><th>विवरण</th><th>लागत अनुमान</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>६२३, २०७६/३/२४</td><td>तटवन्ध निर्माण ग्याविन पर्खाल तथा चेकड्याम निर्माण</td><td>४८२९०५.९९</td><td>४८२८२९</td></tr>
<tr><td>६२४, २०७६/३/२४</td><td>ग्याविन पर्खाल तथा चेक ड्याम निर्माण</td><td>४८२९०५.९८</td><td>४८२८४१</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>९६५६७०</td></tr>
</table></td><td>९६५६७०/-</td></tr>
<tr><td>६२.</td><td>लगत अनुमानः<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० वमोजिम कार्यालयले निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्दछ । कार्यकम अन्तर्गत तिन ठेक्कामा तटवन्ध निर्माणका लागि तयार पारेको लागत अनुमानमा खन्ने कार्यको दर मेशिन प्रयोग हुने अवस्थामा पनि मेनडेजको आधारमा विश्लेषण गरेको कारण ठेक्काको लागत अनुमान रु. ७१६९८५/६० ले वढ्न गएको छ । लागत अनुमान</td><td></td></tr>
</table>

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | व्यवहारिक बनाई कार्यालयको खर्चमा मितव्ययिता ल्याउनेतर्फ कार्यालयको ध्यान जानु पर्ने देखिन्छ । | |

| सि. नं. | खरिद प्याकेज | खन्ने काम | मेसिनको काम | मानिसको दर | फरक दर | जम्मा रकम |
|---|---|---|---|---|---|---|
| १ | ठेक्का नं. ५/२०७५/७६ | ४५७.५० घ.मि. | १५०.६८ | ५९७.४० | ४४६.७२ | २०४३७४.४० |
| २ | ठेक्का नं. ६/२०७५/७६ | ४५७.५० घ.मि. | १५०.६८ | ५९७.४० | ४४६.७२ | २०४३७४.४० |
| ३ | ठेक्का नं. ७/२०७५/७६ | ४५७.५० घ.मि. | १५०.६८ | ५९७.४० | ४४६.७२ | २०४३७४.४० |
| ४ | कोटेशन नं. १/२०७५/७६ | ११६.२५ घ.मि. | १५०.६८ | ५९७.४० | ४४६.७२ | ५१९३१.२० |
| ५ | कोटेशन नं. ५/२०७५/७६ | ११६.२५ घ.मि. | १५०.६८ | ५९७.४० | ४४६.७२ | ५१९३१.२० |
| | | | | | जम्मा | ७१६९८५.६ |

६३. **वितरित भरपाईको आधिकारिकता सम्बन्धमाः**
गाउँपालिकाले स्वीकृत बजेट खर्च गर्दा विल भरपाई सहितको लेखा राख्नु पर्नेमा गाउँपालिकाबाट सञ्चालित वितरणमुखि कार्यक्रम सञ्चालन गर्दा पेश भएका वितरण भरपाईमा तिथि मिति, दस्तखत, स्थानीय ठेगानासमेत उल्लेख नगरी पेश भएको देखियो । यस्ता विल भरपाई अधिकांश भरपाईहरु सादा पानामा रहेका तथा गाउँपालिकाले वडा र केन्द्रमा तोकेका कर्मचारीले प्रमाणित गरेको समेत पाईएन । समग्रमा वितरित कार्यक्रममा नियन्त्रण अत्यन्तै कमजोर देखिएकाले वितरण गरिएका अनुदानका कार्यक्रमबाट खरिद भएका सामानहरु बुझाउदा पहिचान स्पष्ट खुल्ने किसिमका बिलभरपाई तयार गरी सो लाई आधिकारिक व्यक्तिबाट प्रमाणित भई आए पछि मात्र यस्ता अनुदान भुक्तानी हुने व्यवस्था गर्नुपर्दछ । यस्ता बिल भरपाई संलग्न भएका कार्यक्रमका केही उदाहरणहरु निम्न छन्:

| गो.भौ.नं. /मिति | कार्यक्रमको नाम | कार्यक्रम खर्च |
|---|---|---|
| २११/२०७५/७/१५ | युरिया मोलासेस व्लक वितरण कार्यक्रम १५४ किलो | २००२०.०० |
| १७७/२०७५/७/११ | जै घासको विउ वितरण ८०० के जी | ४००००.०० |
| | वर्षिम घांसको विउ वितरण ८० के जी | २४०००.०० |
| ५२/२०७५/६/४ | दुध डेरीका लागि ठूलो मिल्क क्यान वितरण १५ वटा | १३५०००.०० |
| विभिन्न | दुध डेरीका लागि सानो मिल्क क्यान वितरण २० वटा | १६०००.०० |
| जम्मा | | २३५०२० |

६४. **बिल वेगर खर्च (सशर्त चालु)** : गाउँपालिकाले बजेट खर्च गर्दा विल भरपाई सहितको लेखा राख्नु पर्नेमा बालक्लव गठनसमेतका विभिन्न कार्यक्रमको लागि मिना थापाले पेश्की लिएकोमा सोको निम्न गोश्वारा भौचरबाट पेश्की फर्छयौट गर्दा विल भरपाइ नपुग भएकाले रु.४९९५।- कार्यक्रम सञ्चालिका मिना थापाबाट असुल हुनुपर्ने रु — बेरुजू रकम: ४९९५/-

| सि.नं. | गो.भौ.नं. र मिति | नपुग विल रकम |
|---|---|---|
| **१** | **१२४९, २०७६/३/२५** | **३९९५** |
| **२** | **१२५०, २०७६/३/२५** | **१०००** |
| **जम्मा** | | **४९९५** |

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td>६५.</td><td>विविध खर्च सम्बन्धमा:<br>खर्च गर्दा विल भरपाईसहित लेखा राख्नुपर्नेमा विविध खर्च तथा विभिन्न कार्यक्रम सञ्चालन गर्दा भएको खर्च उल्लेख गरी खर्च देखाइएको निम्नबमोजिमको खाजा/खाना वापतको रकम कुन कुन कार्यक्रममा के प्रयोजनका लागि खर्च गरिएको सो सम्बन्धी स्वीकृत कार्यक्रम लागत अनुमानवेगर प्रयोजन नै नखुलाई खर्च भएको देखिएकाले नियम सँगत नदेखिएको रु
<table>
<tr><th>गो.भौ.नं./मिति</th><th>विल /रकम</th></tr>
<tr><td>६/२०७५/५/२६</td><td>३८८८०.००</td></tr>
<tr><td>२५/२०७५/५/२६</td><td>१५०००.००</td></tr>
<tr><td>२६/२०७५/५/२६</td><td>२००००.००</td></tr>
<tr><td>१२६/२०७५/६/२३</td><td>१३८८५०.००</td></tr>
<tr><td>१८३/२०७५/७/१३</td><td>१६७७०.००</td></tr>
<tr><td>३५३/२०७५/९/४</td><td>१००००.००</td></tr>
<tr><td>२५८/२०७५/८/४</td><td>५००००.००</td></tr>
<tr><td>४४६/२०७५/९/२७</td><td>१४२००.००</td></tr>
<tr><td>४७४/२०७५/१०/४</td><td>३२०००.००</td></tr>
<tr><td>५३७/२०७५/१०/२०</td><td>१००००.००</td></tr>
<tr><td>५९८/२०७५/११/३</td><td>१००००.००</td></tr>
<tr><td>६२०/२०७५/११/१२</td><td>१००००.००</td></tr>
<tr><td>६६७/२०७५/११/२६</td><td>१६७००</td></tr>
<tr><td>जम्मा</td><td>३८२४००</td></tr>
</table></td><td>३८२४००/-</td></tr>
<tr><td>६६.</td><td>गरिवसँग विश्वेश्वर कार्यक्रम:<br>कार्यक्रमको आ.व. ०७५।७६ को स्थानीय तहलाई बजेट खर्च गर्ने निर्देशिकाको २ नं. मा सामाजिक परिचालकको पारिश्रमिक प्रति महिना रु.१३००० तोकिएकोमा गाउँपालिकाले सामाजिक परिचालिका डम्मरी कुमारी खत्रीसँग करार सम्झौता गर्दा निजको मासिक पारिश्रमिक रु.१६००० हुने र सोमध्ये रु.१३००० मात्र गरिवसँग विश्वेश्वर कार्यक्रमबाट भुक्तानी हुने बाँकी ३००० गाउँपालिकाबाट बेहोरिने उल्लेख छ । निजलाई तलवभत्ता तथा चाडपर्व खर्चसमेतको निर्देशिकाभन्दा बढीको रकम रु.३९००० भुक्तानी भएकोमध्ये रु.१४००० चालु शिर्षकबाट बेहोरिएको छ । निर्देशिकाविपरीत बढी कार्यक्रमबाट भुक्तानी गरिएको रकम रु.२५००० अनियमित देखिएको रु.</td><td>२५०००/-</td></tr>
<tr><td></td><td>विशेष अनुदान प्रदेश सरकार सुदुर पश्चिम (पूँजीगत)</td><td></td></tr>
<tr><td>६७.</td><td>योजना छनौट: प्रदेश विशेष अनुदान सम्वन्धी कार्यविधि२०७५ को वुदा न ७(६)मा कूल लागत २५ लाख भन्दा कमका योजना तथा कार्यक्रमहरुको लागि विशेष अनुदान प्रदान गरिने छैन भनि उल्लेख गरिएको छ । गाउँपालिकाबाट सञ्चालित दुई योजना मेलागजा नाउली थलि ग्रामिण सडक तथा मैलागाजा कुजैनी हुदै गाउँपालिका जोड्ने सडकमा रु २१,२१ लाख विनियोजन (लागत अनुमान कमश २४३०९५९।६८ र २४२७५७६) गरिएको छ । यसबाट कार्यविधिले गरेको व्यवस्था पालना भएको पाइएन । योजना छनोटमा निर्धारित विधि र प्रकृयाको पालनामा सम्बन्धित पक्षले ध्यान पुर्‍याउनुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td></td><td>ग्रामिण जलस्रोत विकास कार्यकम</td><td></td></tr>
<tr><td>६८.</td><td>संस्थागत सहयोग: सार्वजनिक स्रोतको खर्च गर्दा वहुसंख्यक जनताको हित हुने गरि गर्नुपर्दछ । गाउँपालिकाले संस्थागत सहयोग तथा तालिम कार्यकममा एउटै सहकारी संस्था चेतना साना किसान</td><td></td></tr>
</table>

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | कृषि सहकारी संस्था लि लाई गो.भौ. नं. ८५८,९९४र ९९५ बाट रु २ लाख तथा थप २ लाख ७१ हजार ५ सय समेत गरि रु ४७१५००। उपलब्ध गराएको पाईयो । उक्त अनुदान तथा तालिम सञ्चालन गर्नका लागि अन्य संस्थाहरुलाई सहभागिताको अवसर समेत दिएको देखिएन । यसबाट उक्त सहकारीका शेयर सदस्यलाई मात्र लाभ प्राप्त हुने अवस्था सृजना भयो । कार्यालयले वढी भन्दा वढी जनताको हितमा स्रोत उपयोग हुने तथा संस्था सहभागी हुने वातावरण सृजना गर्ने तर्फ ध्यान दिनु पर्दछ । सीमित शेयर सदस्यलाई हित हुने गरी दिएको अनुदान नियम सँगत नदेखिएको रु | ४७१५००/- |
| ६९. | **लाभको वितरण:** सार्वजनिक स्रोतको उपयोग गर्दा लक्षित सवै वर्ग र क्षेत्रको समान सहभागिता रहने तर्फ ध्यानदिनु पर्दछ । कार्यालयले वेमौसमी तरकारी खेती तालिम सञ्चालन गर्दा वडा न १ बाट मात्र २१ जना छनौट गरी तीन दिनको तालिममा रु ४ लाख खर्च गरेको छ । उक्त तालिममा सहभागी मध्ये २० जनालाई प्रदर्शन सामाग्री(पोली हाउस) तथा बिउ गरी रु ३६२२५०। को सामाग्री लाभ समेत प्राप्त भएको छ । यसरी सीमित व्यक्ति र क्षेत्रका कृषकलाई मात्र लाभ हुने गरी कार्यक्रम सञ्चालन गर्नुको सट्टा सवै क्षेत्र र वर्गको प्रतिनिधित्व हुने तथा लाभमा सहभागी हुने गरी स्रोतलाई परिचालन गर्न तर्फ कार्यालयको ध्यान जानु पर्दछ । | |
| ७०. | **शिक्षा सशर्त:**<br>विद्यार्थीको यथार्थ तथ्यांक प्रवाह गर्ने उद्देश्यका साथ Education Management Information System (EMIS) निर्माण भई सञ्चालनमा रहेको छ । सोही EMIS को तथ्यांकका आधारमा गाउँपालिकाले पाठ्यपुस्तक, छात्रवृत्ति, बुक कर्नर लगायतका विभिन्न अनुदानहरु निकासा गर्ने गरेको छ । तर निकासा गर्दा आधार लिएको तथ्यांक र पाठ्यपुस्तक वितरण, छात्रवृत्ति वितरणलगायतको भरपाईका विचमा तालमेल भएको पाइएन । EMIS जेष्ठ ७ गते र चैत्र २३ गते अनिवार्य रुपमा Update गर्नुपर्ने तथा अन्य जुनसुकै समयमा आवश्यकता अनुसार Update गर्न सकिने व्यवस्था भएअनुसार EMIS लाई Update गरी तथ्यांकलाई यथार्थपरक बनाउन गाउँपालिकाले ध्यान पुऱ्याउनुपर्दछ । | |
| ७१. | **सामाजिक सुरक्षा कार्यक्रम:**<br>सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ७ बमोजिम प्रत्येक स्थानीय तहले मन्त्रालयको स्वीकृति बिना कुनैपनि प्रकारका सामाजिक सुरक्षा भत्ता नगद वितरण गर्न नपाइने र प्रत्येक स्थानीय तहले आफ्नो क्षेत्र भित्रका सबै लक्षित वर्ग तथा समूहको तथ्याङ्क केन्द्रीय पञ्जिकरण विभागको MIS systemमा Online प्रविष्टी गरी अद्यावधिक गरेको तथ्याङ्कको आधारमा नजिकको बैंकको शाखाबाट खाता सञ्चालन गरी वितरण गर्नुपर्ने व्यबस्था छ । यस सम्बन्धमा निम्न व्यहोरा परीक्षणबाट देखिएका छन् : | |
| | (क) गाउँपालिकाले सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने व्यक्तिको विवरण अद्यावधिक गरेको देखिएन भने तीन वटै चौमासिकको सामाजिक सुरक्षा भत्ता रकम रु.२१९५०१००।- नगदमा बुझाएको देखियो । उल्लेखित अवस्थामा सामाजिक सुरक्षा भत्ता बितरणमा दुरुपयोग हुन सक्ने देखिएकोले व्यवस्थापन पक्षले लाभग्राहीहरुको मुल अभिलेख अद्यावधिक, सो को नविकरण, लगत कट्टा, बितरण प्रणाली र बैंक खाता सञ्चालन लगायत कार्यविधिमा तोकिएका कार्यहरुलाई बिश्वसनीय र भरपर्दो बनाउनुपर्ने देखिन्छ । बैंकमा खाता खोली बैंकमार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्दछ । | |
| ७२. | **पेश्की :** | |

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(५) मा सरकारी निकायबाट कुनै तालिम, गोष्ठी, कार्यशाला गोष्ठी आदि सञ्चालन गर्दा सो कार्यको कार्यक्रम तथा लागत अनुमान तयारी गरी अधिकारप्राप्त अधिकारीबाट स्वीकृत गराउनुपर्ने व्यवस्था छ । कार्यालयले कृषि, शिक्षा, पशु र स्वास्थ्य लगायतका क्षेत्रका कार्यक्रम सञ्चालन गर्न पेश्की माग गर्दाको बखत कार्यक्रम निर्देशिका अनुरुपका क्रियाकलापहरु निर्धारण गर्ने र स्वीकृत नर्म्स अनुसार लागत अनुमान तयार गरी स्वीकृत लागत अनुमानका आधारमा त्यस्ता तालिम, गोष्ठी सञ्चालन गर्नुपर्नेमा निवेदनका आधारमा पेश्की लिने, लिएको पेश्की फछ्र्यौट नगरी पुनः पेश्की दिने आर्थिक वर्षको अन्त्यसम्म कार्यक्रम नगरी पेश्की रहिरहने र बर्षान्तमा मात्र कार्यक्रम गरी पेश्की फछ्र्यौटको लागि पेश गर्ने गरेको देखियो ।<br>पेश्की दिएको रकम म्यादभित्र फर्छ्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवैको कर्तव्य तोकिएकोमा कार्यालयले देहाय अनुसारका कार्यक्रम पेश्की दिएकोमा आर्थिक वर्षको अन्त्यसम्म फर्छ्यौट नभई बाँकी देखिएकाले समयमा फर्छ्यौट गर्नु गराउनु पर्ने देखिएको रु.<br>
<table>
<tr><th>सि.नं.</th><th>पेश्की लिएको मिति</th><th>पेश्की लिनेको नाम</th><th>पेश्की रकम</th></tr>
<tr><td>१</td><td>२०७६/२/२८</td><td>बाँस्कोटा खेतेचौर खानेपानी उ.स.वडा नं. ६</td><td>४६२१७७५</td></tr>
<tr><td>२</td><td>२०७६/२/२८</td><td>गोदाम खानेपानी योजना उ.स.वडा नं. ८</td><td>४७०३७०५</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>९३२५४८०</td></tr>
</table></td><td>९३२५४८०/-</td></tr>
<tr><td></td><td>आन्तरीक लेखापरीक्षण :<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७७ (२) मा प्रत्येक स्थानिय निकायले सवै प्रकारका आय व्ययको लेखापरीक्षण गराउनु पर्ने व्यवस्था छ । ऐनको ९६ बमोजिम कार्यकारी प्रमुखले आफ्नो कार्यालयको राजस्व, धरौटी तथा विनियोजन तर्फको आय व्यय तथा खडा भएको कार्य सञ्चालन कोष तथा अन्य कोषको अन्य व्यवस्था नहुञ्जेल आन्तरिक लेखापरीक्षण जिल्ला स्थीत कोष तथा लेखा नियन्त्रक कार्यालयबाट गराउनु पर्दछ भन्ने व्यवस्था रहेको छ । कार्यालयले आफ्नो आन्तरिक आय तथा अनुदानबाहेकका केन्द्रीय ६ वटा शिर्षकको मात्र आन्तरिक लेखापरीक्षण गराएको छ । आन्तरिक लेखापरीक्षणबाट देखिएको बेरुजु अन्तिम लेखापरीक्षण हुनु अगावै फछ्र्यौट गरिसक्नुपर्ने व्यबस्था भएता पनि देहायबमोजिम आन्तरिक लेखापरीक्षणबाट देखिएका व्यहोराहरु फछ्र्यौट गरेको प्रमाण पेश नभएकोले निम्नानुसारका व्यहोराहरु अन्तिम लेखापरीक्षणबाट कायम गरिएको छ । गाउँपालिकाले आफनो बार्षिक आय व्यय तथा अन्य कोष समेतको अनिवार्य रुपमा आन्तरिक लेखापरीक्षण गरी अन्तिम लेखापरीक्षणको लागि अद्यावधिक गराउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>७३.</td><td>गरिबसँग विश्वेश्वर कार्यक्रमः<br>भुमि व्यवस्था, सहकारी तथा गरिबी निवारणको च.नं. ५६४, मिति २०७५।०६।२५ को बजेट कार्यक्रम सञ्चालन गर्ने निर्देशन शर्तनामाहरुमा उल्लेख गरिएको व्यवस्थामा पूँजीगत अनुदानतर्फ विनियोजित बजेट रु.२०००००।०० लक्षित समूदायबाट माग भएको ग्रामिण पूर्वाधार विकास कार्यक्रममा खर्च गनुपर्ने उल्लेख भएकोमा लक्षित कार्यक्रममा बजेट खर्च भएको देखिँदैन । साथै पूँजीगत अनुदानबाट प्रशासनिक खर्चसमेत गरेको देखिँदा उक्त खर्च अनियमित भएको रु.</td><td>२०००००/-</td></tr>
<tr><td>७४.</td><td>गो.भौ.नं.७०८,२०७६/३/३०(झोलुंगे पुल कार्यक्रम):<br>झोलुंगे पुल योजनाको सिमेन्ट ढुवानी भनी अ.स.ई. टेक बहादुर रानालाई लागत अनुमानमा समावेश भएको ढुवानी रकम रु.२१५००।०० भुक्तानी दिएकोमा उक्त सिमेन्ट उपभोक्ता समितिले धनगढीबाट आफैँले खरिद गरेको बिल पेश गरी भुक्तानी लिएको देखिँदा उक्त ढुवानी रकम निजले बुझेको उक्त रकम निजले भुक्तानी लिनाको कारण पेश गर्नुपर्ने अन्यथा असुल उपर गर्नुपर्ने रु.</td><td>२१५००/-</td></tr>
<tr><td>७५.</td><td>गो.भौ.नं.७०४,२०७६/३/३१(झोलुंगे पुल कार्यक्रम): खमुवा खोला झोलुंगे पुल उ.स.स.लाई कामदार ज्यालावापत रु.५२२०७२।०० भुक्तानी दिएकोमा लागत अनुमान तयार हुँदा कुल लागत अनुमानको २ प्रतिशत उपभोक्ता समितिले व्यहोर्नुपर्नेमा जनश्रमदान वापत रु.१०५८३।०० कट्टा गर्नुपर्नेमा</td><td>३५१५/-</td></tr>
</table>

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>रु.७०६८।०० मात्र कट्टा गरिएकाले नपुग रकम उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु.</td><td></td></tr>
<tr><td>७६.</td><td>बहाल कर (स्थानीय पूर्वाधार विकास कार्यक्रम): विभिन्न उपभोक्ता समितिलाई भुक्तानी दिँदा स्काभेटर प्रयोग गरेवापतको बहाल कर कट्टी गरेको रकम सञ्चित कोषमा दाखिला गरी भौचर पेश गर्नुपर्ने रु.
<table>
<tr><th>गो.भौ.नं., मिति</th><th>उपभोक्ता समिति</th><th>बहाल कर</th></tr>
<tr><td>४००, २०७६/१/१७</td><td>घरेलु ठुटेवास बान्नीगडा कुजेनी हुँदै सलेता सडक निर्माण उ.स.</td><td>११४१००</td></tr>
<tr><td>५३३, २०७६/३/८</td><td>घुम्ती चौड बन्नले चिरकिट्टे सडक निर्माण उ.स.</td><td>१७६१३०</td></tr>
<tr><td></td><td>जम्मा</td><td>२९०२३०</td></tr>
</table></td><td>२९०२३०/-</td></tr>
</table>

अनुसूची १

## आलिताल गाउँपालिकाको संचित कोष विवरण
२०७५।७६

(रु.हजारमा)

| क्र.सं. | स्थानीय तह | जिल्ला | आय | | | | | व्यय | | | | मौज्दात बाँकी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | जम्मा आय | चालु खर्च | पूजीँगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| १ | आलिताल गाउँपालिका | डडेलधुरा | १३५५३ | ७९३३७ | २६४९९० | ६४७६ | ३५०८०३ | १९०५७० | १५८१२५ | ६५९४ | ३५५२८९ | ९०६७ |

अनुसूची-२

## बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
२०७५।७६

(रु.हजारमा)

| क्र.सं. | स्थानीय तह | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्यौट | | | बाँकी बेरुजू | | | बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | नियमित गर्नुपर्ने | | | | | पेस्की | | |
| | | सै. | ल. | रकम | सै. | ल. | रकम | सै. | ल. | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी पेस्की | अन्य पेस्की | जम्मा |
| १ | आलिताल गाउँपालिका | ४८ | २८ | ४३४७९ | ० | ० | ० | ४८ | २८ | ४३४७९ | ७८६३ | १८३७२ | ७६१७ | ० | ० | २५९८९ | ० | ९६२७ | ९६२७ |

अनुसूची-३

## अद्यावधिक बेरुजू स्थिति
२०७५।७६

(रु.हजारमा)

| क्र.सं. | स्थानीय तह | जिल्ला | गत बर्षसम्मको बाँकी | यो वर्षको फर्छ्यौट | बाँकी | यो वर्ष सं.प.बाट कायम भएको बेरुजू | यो वर्षको बेरुजू | कुल बाँकी बेरुजू |
|---|---|---|---|---|---|---|---|---|
| १ | आलिताल गाउँपालिका | डडेलधुरा | १०५११ | ० | १०५११ | ० | ४३४७९ | ५३९९० |